नेपाल सरकारको

आर्थिक वर्ष २०८२/०८३ को आन्तरिक लेखापरीक्षणको

एकीकृत वार्षिक प्रतिवेदन



नेपाल सरकार

अर्थ मन्त्रालय

महालेखा नियन्त्रक कार्यालय

अनामनगर, काठमाण्डौ

२०८३ कार्तिक १३

मन्तव्य

सरकारी आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता तथा प्रभावकारिताको जाँच गरी वित्तीय व्यवस्थापनलाई नतिजामुखी तुल्याउन आन्तरिक लेखापरीक्षणले व्यवस्थापकीय सहयोगीको भूमिका निर्वाह गर्दछ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ अनुसार सरकारी निकायहरूको प्रत्येक तीन-तीन महिनामा आन्तरिक लेखापरीक्षण गर्ने दायित्व महालेखा नियन्त्रक कार्यालय वा यसअन्तर्गतका कोष तथा लेखा नियन्त्रक कार्यालयहरूलाई तोकिएको छ। यो कानुनी व्यवस्था कार्यान्वयनका निम्ति हाल महालेखा नियन्त्रक कार्यालयसहित मुलुकभरका ८१ वटा कोष तथा लेखा नियन्त्रक कार्यालयहरू सक्रिय रुपमा परिचालित छन्।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३३(११) मा भएको कानुनी प्रावधानअनुसार महालेखा नियन्त्रक कार्यालयले हरेक वर्ष कात्तिक महिनाभित्र आन्तरिक लेखापरीक्षणको एकीकृत वार्षिक प्रतिवेदन माननीय अर्थमन्त्रीसमक्ष पेस गर्नुपर्दछ। सोही व्यवस्थालाई कार्यान्वयन गर्दै आर्थिक वर्ष २०८२/८३ को आन्तरिक लेखापरीक्षणको एकीकृत वार्षिक प्रतिवेदन तयार पारिएको छ। ऐनले तोकेको उक्त व्यवस्था कार्यान्वयनमा आएपछिको यो सातौँ तथा लेखापालन र लेखापरीक्षण कार्यलाई अलग गरिएपछिको पाँचौँ प्रतिवेदन हो। सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयहरूबाट लेखापरीक्षण भई २०८३ कात्तिक १२ सम्म एकल खाता कोष (TSA) प्रणालीमा प्रविष्ट विवरणहरू तथा वित्तीय व्यवस्थापन सूचना प्रणाली (FMIS) बाट प्राप्त तथ्याङ्कका आधारमा यो प्रतिवेदन तयार पारिएको छ। प्रदेश र स्थानीय तहको आन्तरिक लेखापरीक्षण स्वयं सम्बन्धित तहहरूले नै गर्ने कानुनी व्यवस्था रहेकाले, यस प्रतिवेदनमा सङ्घीय सरकारी निकायहरू एवं सङ्घीय सरकारबाट तल्ला तहहरूमा हस्तान्तरित अन्तर-सरकारी अख्तियारीअन्तर्गत सम्पन्न लेखापरीक्षणको विवरण मात्र समेटिएको छ।

आर्थिक वर्ष २०८२/०८३ को विनियोजन, राजस्व, धरौटी तथा कार्य सञ्चालन कोषको कारोबार परीक्षण गर्दा असुल उपर गर्नुपर्ने बेरुजु रू. ३,४२,६६,३१,३३१/- (तीन अर्ब बयालीस करोड छैसठ्ठी लाख एकतीस हजार तीन सय एकतीस), नियमित गर्नुपर्ने बेरुजु रू. १,९८,३३,२०,०६३/- (एक अर्ब अन्ठान्नब्बे करोड तेत्तीस लाख बीस हजार त्रिसठ्ठी) र म्याद नाघेको पेस्की रू. ५,२७,१६,२९,५०५/- (पाँच अर्ब सत्ताइस करोड सोह्र लाख उनन्तिस हजार पाँच सय पाँच) गरी आन्तरिक लेखापरीक्षणबाट कुल रू. १०,६८,१५,८०,८९९/- (दश अर्ब अठ्सठ्ठी करोड पन्ध्र लाख असी हजार आठ सय उनान्सय) बेरुजु कायम भएको छ। अघिल्लो आर्थिक वर्षको कुल बेरुजु रू. ९,२४,००,३१,६०३.३८ सँग तुलना गर्दा समीक्षा वर्षमा आन्तरिक लेखापरीक्षणको बेरुजुमा रू. एक अर्ब चौवालिस करोड पन्ध्र लाख उनान्पचास हजार दुई सय पन्चान्नब्बे, पैसा बैसठ्ठीले वृद्धि भएको देखिन्छ। बेरुजुको उल्लिखित बढ्दो तथ्याङ्कलाई विश्लेषण गर्दा, एकातिर सरकारी कारोबारको लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण प्रणाली विगतभन्दा कसिलो र प्रभावकारी बन्दै गएको देखिन्छ भने अर्कातिर, बजेट विनियोजनको दायरा विस्तार हुनाले बेरूजुको हिस्सामा समेत बढोत्तरी भएको बुझ्न सकिन्छ। साथै, तत्कालीन समयमा भएको जेन्जी आन्दोलनका कारण सार्वजनिक सवारीसाधन, सरकारी कागजात तथा भौतिक सम्पत्तिमा क्षति पुगेको हुँदा त्यसको प्रतिकूल प्रभावस्वरूप बेरुजु रकम बढ्न गएको देखिन्छ। यसका अतिरिक्त, कर्मचारीहरूबाट हुने नियमित कार्यगत त्रुटि, प्रक्रियागत भूल तथा असावधानीमा समेत बढोत्तरी हुनुले समग्र बेरुजुको आयतन वृद्धि भई वित्तीय अनुशासनमा थप चुनौती खडा भएको पुष्टि गर्दछ। यद्यपी, प्रस्तुत प्रतिवेदन महालेखापरीक्षकको कार्यालयबाट सम्पन्न गरिने अन्तिम लेखापरीक्षण कार्यका निम्ति महत्त्वपूर्ण आधार बन्ने विश्वास लिइएको छ। यसका साथै, सार्वजनिक वित्तीय व्यवस्थापनमा चासो राख्ने सम्पूर्ण सरोकारवालाहरूका लागि समेत यो उपयोगी सन्दर्भ सामग्री साबित हुने अपेक्षा गरिएको छ।

अन्त्यमा, गत वर्षको जेनजी आन्दोलनका क्रममा कोष तथा लेखा नियन्त्रक कार्यालय लगायत जिल्लास्थित लेखापरीक्षण हुनुपर्ने विभिन्न सरकारी निकायहरूका भौतिक संरचना तथा स्रेस्ताहरू आगजनीबाट नष्ट भएको विषम परिस्थितिमा समेत यो कार्य सम्पन्न भएको छ। यस चुनौतीका बाबजुद सम्बद्ध सबै निकायका लेखा उत्तरदायी अधिकृत, जिम्मेवार अधिकारी तथा आर्थिक प्रशासन शाखाका कर्मचारीहरूले मौजुदा कागजातहरू समयमै उपलब्ध गराउनुभएको र आन्तरिक लेखापरीक्षकहरूले समेत दत्तचित्त भई लेखापरीक्षण सम्पन्न गर्नुभएकाले नै यो एकीकृत वार्षिक प्रतिवेदन कानुनी म्यादभन्दा अगावै तयार गर्न सम्भव भएको हो।

उक्त जिम्मेवारीलाई समयसीमाभित्रै पूरा गर्न अहोरात्र खटिनुहुने कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुखहरू, आन्तरिक लेखापरीक्षकहरू तथा सम्बद्ध सरोकारवाला निकायहरूप्रति हार्दिक आभार प्रकट गर्दछु। साथै, यस प्रतिवेदनलाई अन्तिम रूप दिन निरन्तर क्रियाशील यस कार्यालयका सम्पूर्ण कर्मचारी साथीहरूलाई विशेष धन्यवाद ज्ञापन गर्दछु।

मिति २०८३ कार्तिक १३ गते ।

वैकुण्ठ प्रसाद अर्याल
महालेखा नियन्त्रक

बिषय-सूची

परिच्छेद - १

लेखापरीक्षणको उद्देश्य, क्षेत्र तथा विधिहरू..... ३

१.१ कानूनी व्यवस्था..... ३

१.२ आन्तरिक लेखापरीक्षणको उद्देश्य..... २

१.३ आन्तरिक लेखापरीक्षणको क्षेत्र..... २

१.४ आन्तरिक लेखापरीक्षणका विधिहरू..... ३

१.५. आन्तरिक लेखापरीक्षण कैफियत तथा बेरूजुको वर्गीकरण तथा सङ्केतीकरण..... ३

१.६ प्रतिवेदनका आधार एवं सीमाहरू..... ५

परिच्छेद - २

आन्तरिक लेखापरीक्षणको समग्र स्थिति..... ७

२.१ आन्तरिक लेखापरीक्षणको अवस्थाको सारांश..... ७

२.२ आन्तरिक लेखापरीक्षकको दरवन्दी र पदपूर्तिको अवस्था..... ९

२.३ विनियोजनतर्फ लेखापरीक्षण गरिएको निकाय तथा रकमगत व्यहोरा..... ९

२.६ बेरूजु वर्गीकरण अनुसार लेखापरीक्षणको अवस्था..... १२

२.७ आर्थिक वर्षअनुसार बेरूजुको तुलनात्मक विवरण..... १३

२.८ अन्तरसरकारी अख्तियारी (प्रदेश र स्थानीय तह)को बेरुजु..... १४

२.९ रकमगत आधारमा बढी बेरुजु हुने केन्द्रीय निकायहरू..... १५

२.१० बेरूजुको केन्द्रीय निकाय/मन्त्रालयगत सारांश..... १६

२.११ संघीय बेरूजुको प्रदेशगत विवरण..... १८

२.१२ जिल्लागत विवरणको सारांश..... १९

२.१३ बेरुजुको प्रकृति..... २१

परिच्छेद - ३

निकायगत तथा मन्त्रालयगत संक्षिप्त वित्तीय विवरण..... २२

परिच्छेद -४

आन्तरिक लेखापरीक्षणबाट देखिएका उल्लेखनीय विषय, सुधारका क्षेत्रहरू र सुझावहरु..... ४७

परिच्छेद - १
लेखापरीक्षणको उद्देश्य, क्षेत्र तथा विधिहरू

१.१ कानूनी व्यवस्था

सार्वजनिक निकायले निर्दिष्ट लक्ष्य हासिल गर्न सम्पादन गर्ने समग्र क्रियाकलापहरू नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका मापदण्डअनुरूप भए/नभएको तथ्यपरक जाँच, परीक्षण तथा विश्लेषण गरी व्यवस्थापकीय तहलाई आवश्यक पृष्ठपोषण र सुझाव उपलब्ध गराउन आन्तरिक लेखापरीक्षणको कार्य सञ्चालन गरिन्छ। यस कार्यले सम्बन्धित संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको सक्षमता एवं प्रभावकारिताको समेत गहन मूल्याङ्कन र विश्लेषण गर्दछ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३३(१) अनुसार नेपाल सरकारअन्तर्गतका सबै कार्यालयको कारोबारमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता परीक्षण गर्ने आन्तरिक लेखापरीक्षणको दायित्व महालेखा नियन्त्रक कार्यालय वा यसले तोकेका कोष तथा लेखा नियन्त्रक कार्यालयहरूलाई सुम्पिएको छ। त्यस्तै, विनियोजन ऐन, २०८२ को दफा ८ बमोजिम यस कार्यालय तथा मातहतका कोष तथा लेखा नियन्त्रक कार्यालयहरूलाई सङ्घीय सरकारी निकायहरू एवं सङ्घीय सरकारबाट प्रदेश तथा स्थानीय तहमा अन्तर-सरकारी अख्तियारीका रुपमा हस्तान्तरिक कार्यक्रमहरूको आन्तरिक लेखापरीक्षण सम्पन्न गर्ने जिम्मेवारी समेत रहेको छ। यसका अतिरिक्त प्रदेश, स्थानीय तह वा कानुनबमोजिम गठित बोर्ड, समिति वा अन्य निकायहरूबाट माग भई आएमा महालेखा नियन्त्रक कार्यालयको स्वीकृति लिई कोष तथा लेखा नियन्त्रक कार्यालयले त्यस्ता निकायहरूको समेत आन्तरिक लेखापरीक्षण गर्न सक्ने प्रावधान रहेको छ। यसरी खटिएका लेखापरीक्षकले प्रत्येक तीन-तीन महिनामा आन्तरिक लेखापरीक्षण सम्पन्न गरी औँल्याइएका कैफियत सुधारका निम्ति सम्बन्धित कार्यालय, तालुक निकाय तथा कोष तथा लेखा नियन्त्रक कार्यालयसमक्ष प्रतिवेदन पेस गर्नुपर्ने व्यवस्था छ।

आन्तरिक लेखापरीक्षकलाई लेखापरीक्षण गराउन स्रेस्ता उपलव्ध गराउने तथा लेखापरीक्षणबाट देखिएका कैफियत तथा बेरूजुलाई नियमित गर्ने गराउने जिम्मेवारी सम्बन्धित निकायको हो। कार्यालयले आन्तरिक लेखापरीक्षणबाट देखिएका बेरूजुहरू अन्तिम लेखापरीक्षण अगाडि नै नियमित गराउनु पर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नुपर्नेमा प्रमाण पेश गरी वा असुल उपर गर्नु पर्नेमा असुल गरी बेरूजु लगत कट्टा गराई वित्तीय जवाफदेहिता पूरा गर्नुपर्ने कानूनी व्यवस्था छ। तालुक कार्यालयले समेत आफू मातहत निकायको आन्तरिक लेखापरीक्षणबाट कायम भएका बेरूजुहरू समयमै फर्स्यौंट गरे वा नगरेको अनुगमन गरी समयमै आन्तरिक लेखापरीक्षण बेरूजु फर्स्यौंट नगर्ने जिम्मेवार अधिकारीलाई सेवा सम्बन्धी प्रचलित कानून बमोजिम कारवाही गर्नुपर्दछ। कार्यालय प्रमुखले आफ्नो कार्यालयको राजस्व, धरौटी तथा विनियोजन तर्फको आय-व्यय तथा प्रचलित कानून बमोजिम खडा भएको कार्यसञ्चालन वा अन्य सार्वजनिक कोषको आन्तरिक लेखापरीक्षण महालेखा नियन्त्रक कार्यालयले तोकिदिए बमोजिम सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट गराउनु पर्ने र कोष तथा लेखा नियन्त्रक कार्यालयले समेत कार्यालयको राजस्व, धरौटी, विनियोजन तर्फको आय व्यय र प्रचलित कानून बमोजिम खडा भएको कार्यसञ्चालन वा अन्य सार्वजनिक कोषको आन्तरिक लेखापरीक्षण गर्ने व्यवस्था रहेको छ।

यसरी आफ्नो कार्यक्षेत्रभित्रको आन्तरिक लेखापरीक्षण सम्पन्न भएपश्चात् प्रत्येक कोष तथा लेखा नियन्त्रक कार्यालयले भदौ मसान्तभित्र जिल्लागत एकीकृत प्रतिवेदन तयार गरी महालेखा नियन्त्रक कार्यालयमा पेस गर्नुपर्दछ। प्राप्त जिल्लागत प्रतिवेदनहरूलाई समेटी महालेखा नियन्त्रक कार्यालयले आन्तरिक लेखापरीक्षणको एकीकृत वार्षिक प्रतिवेदन तयार पारेर प्रत्येक वर्ष कात्तिक महिनाभित्र माननीय अर्थमन्त्रीसमक्ष पेस गर्नुपर्ने बाध्यात्मक व्यवस्था छ। उल्लिखित कानुनी प्रावधान, प्रचलित आन्तरिक लेखापरीक्षण मान, सिद्धान्त तथा मार्गदर्शनको परिधिमा रही कोष तथा लेखा नियन्त्रक कार्यालयहरूबाट प्राप्त जिल्लागत एकीकृत वार्षिक प्रतिवेदनहरूका आधारमा यो एकीकृत प्रतिवेदन तयार पारिएको हो।

१.२ आन्तरिक लेखापरीक्षणको उद्देश्य

सार्वजनिक निकायले आफ्ना निर्धारित लक्ष्यहरू हासिल गर्न सञ्चालन गर्ने कार्यक्रम तथा क्रियाकलापहरू नियमितता, मितव्ययिता र प्रभावकारिताका आधारमा सम्पादन भए/नभएको वस्तुनिष्ठ परीक्षण गरी व्यवस्थापकीय तहलाई आवश्यक राय तथा सुझाव उपलब्ध गराउनु आन्तरिक लेखापरीक्षणको प्रमुख ध्येय हो। यसका अलावा आन्तरिक लेखापरीक्षणका अन्य विशिष्ट उद्देश्यहरू देहायबमोजिम रहेका छन्:

(क) आर्थिक कारोबारहरू नियमित, मितव्ययी तथा प्रभावकारी रूपमा सञ्चालन भए/नभएको जाँच गरी सम्बन्धित निकायलाई सुधारका निम्ति आवश्यक पृष्ठपोषण र सुझाव उपलब्ध गराउने,

(ख) प्रचलित कानुन तथा मापदण्डअनुरूप आम्दानी, खर्च तथा लेखाङ्कन प्रक्रियाको परीक्षण गर्दै सार्वजनिक वित्तीय जवाफदेहिता प्रवर्द्धन गर्न सघाउ पुऱ्याउने,

(ग) महालेखापरीक्षकबाट हुने अन्तिम लेखापरीक्षणका निम्ति सम्पूर्ण स्रेस्ता तथा प्रमाण कागजातहरू अद्यावधिक र तयारी अवस्थामा राख्न सहजीकरण गर्ने,

(घ) सङ्गठनको प्रभावकारी सञ्चालनका लागि आवश्यक पर्ने यथार्थ, भरपर्दो र वस्तुनिष्ठ वित्तीय विवरणहरू समयसीमाभित्रै प्राप्त हुने वातावरण सुनिश्चित गर्न सहयोग पुऱ्याउने,

(ङ) आर्थिक कारोबारमा हुनसक्ने सम्भावित अनियमितता, चुहावट तथा बेरुजु जोखिमलाई न्यूनीकरण गर्दै स्वच्छ वित्तीय व्यवस्थापन कायम गर्न व्यवस्थापकीय तहलाई सहयोगी भूमिका निर्वाह गर्ने,

(च) निकायद्वारा सञ्चालित आयोजना तथा कार्यक्रमहरू तोकिएको समयसीमाभित्र निर्धारित लक्ष्य र नतिजा हासिल हुने गरी सम्पन्न गर्न सहयोग गर्ने,

(छ) सङ्गठनबाट सञ्चालन भएका कार्यक्रमहरू निर्धारित समयमा लक्षित उद्देश्य अनुरूप सम्पन्न गर्न सहयोग गर्ने,

(ज) आन्तरिक नियन्त्रण प्रणाली प्रयोगको अवस्था जाँच गर्ने ।

१.३ आन्तरिक लेखापरीक्षणको क्षेत्र

प्रस्तुत प्रतिवेदनमा आर्थिक वर्ष २०८२/८३ को विनियोजन, राजस्व, धरौटी, कार्यसञ्चालन कोष लगायतका अन्य कोषहरूको यथार्थ कारोबार, तत्सम्बन्धी स्रेस्ता, प्रमाण कागजात, तथ्याङ्क तथा वित्तीय विवरणहरूको वस्तुनिष्ठ परीक्षण गरिएको छ। साथै, निकायहरूको आन्तरिक नियन्त्रण प्रणालीको सुदृढता, कानुनी प्रावधानहरूको परिपालना, सरकारी सम्पत्तिको संरक्षण र स्रोतसाधनको नतिजामुखी परिचालनका सम्बन्धमा समेत गहन विश्लेषण गरी औँल्याइएका कैफियत तथा बेरुजुहरू समाधान गर्न व्यवस्थापकीय

तहसमक्ष आवश्यक सुझावहरू पेस गरिएको छ। लेखापरीक्षण प्रक्रियामा नियमितता, मितव्ययिता, कार्यदक्षता एवं प्रभावकारितालाई प्रमुख आधार र मानकका रूपमा लिइएको छ।

प्रस्तुत प्रतिवेदनमा देहायबमोजिमको कार्यक्षेत्र (Scope) मा केन्द्रित रही सम्पादन गरिएको लेखापरीक्षणबाट औँल्याइएका कैफियत तथा महत्वपूर्ण व्यहोराहरू समावेश गरिएको छः

(क) वित्तीय कारोवारको गणितीय शुद्धता,

(ख) प्रचलित कानूनको परिपालना,

(ग) वित्तीय स्रोतसाधनको उपयोग,

(घ) निर्धारित लक्ष्य अनुरूप स्वीकृत वार्षिक कार्यक्रमको कार्यान्वयन,

(ङ) आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता,

(च) स्वीकृत लेखामान, लेखाढाँचा तथा लेखा सिद्धान्त अनुरूपको लेखाङ्कन तथा प्रतिवेदन,

(छ) गत विगतको लेखापरीक्षण प्रतिवेदन सुधारको अवस्था।

१.४ आन्तरिक लेखापरीक्षणका विधिहरू

लेखापरीक्षण सम्पादन गर्दा विषयवस्तुको प्रकृतिअनुसार प्रक्रियागत, नतिजामुखी वा दुवै विधिको अवलम्बन गरी परीक्षण गर्ने प्रयास गरिएको छ। तथापि, विद्यमान जनशक्तिको उपलब्धता एवं प्राविधिक क्षमताका कारण अधिकांश परीक्षणहरू प्रक्रियामूलक तथा वित्तीय लेखापरीक्षणमा नै बढी केन्द्रित हुन पुगेका छन्, जसमा आगामी दिनहरूमा क्रमशः गुणात्मक सुधार गर्दै लगिनेछ। लेखापरीक्षण प्रक्रियालाई औपचारिक प्रवेश बैठक (Entry Meeting) बाट प्रारम्भ गरी बहिर्गमन बैठक (Exit Meeting) मार्फत टुङ्ग्याउने पद्धति बसालिएको छ। यस क्रममा कारोबारको संवेदनशीलता र स्वरूपका आधारमा भौचर परीक्षण (Vouching), स्थलगत अवलोकन, भौतिक प्रमाणीकरण, तुलनात्मक अध्ययन, पुनःगणना, पुष्टि वा सुनिश्चितीकरण, कागजात भिडान, सोधपुछ तथा छलफल, एवं तथ्याङ्क सङ्कलन तथा विश्लेषणजस्ता उपयुक्त लेखापरीक्षण विधि तथा प्रविधिहरूको प्रयोग गरिएको छ।

१.५. आन्तरिक लेखापरीक्षण कैफियत तथा बेरूजुको वर्गीकरण तथा सङ्केतीकरण

आन्तरिक लेखापरीक्षणमार्फत व्यवस्थापकीय तहलाई समयसापेक्ष एवं तथ्यपरक सुझाव उपलब्ध गराउन तथा आगामी दिनमा यस प्रणालीलाई थप नतिजामुखी र प्रभावकारी तुल्याउन आन्तरिक लेखापरीक्षण कार्यविधि, २०७९ मा भएको व्यवस्थाबमोजिम बेरुजुलाई विभिन्न शीर्षकहरूमा वर्गीकरण गरी प्रतिवेदनमा समावेश गर्ने अभ्यास गरिएको छ।

मुख्य कोड	मुख्य वर्गीकरण	शीर्षक कोड	शीर्षक वर्गीकरण
१.	राजस्व	११	राजस्वको दरबन्दी
		१२	अभिलेख संसोधन
		१३	राजस्व प्राप्ति
		१४	राजस्व दाखिला
		१५	राजस्व फिर्ता

मुख्य कोड	मुख्य वर्गीकरण	शीर्षक कोड	शीर्षक वर्गीकरण
		१६	राजस्व विवरण तथा प्रतिवेदन
		१७	राजस्व निरीक्षण तथा अनुगमन
		१८	अन्य
२.	विनियोजन	२१	बार्षिक बजेट तथा कार्यक्रम
		२२	सार्वजनिक खरिद
		२३	मालसामान खरिद
		२४	सार्वजनिक निर्माण
		२५	परामर्श सेवा
		२६	उपभोक्ता समिति/श्रम सहकारी
		२७	पारिश्रमिक तथा सुविधा
		२८	उपयोगिता भुक्तानी
		२९	अनुगमन/मुल्याङ्कन/निरीक्षण
		३०	कट्टी दाखिला
		३१	पेस्की
		३२	सामाजिक सुरक्षा
		३३	इन्धन
		३४	भ्रमण आदेश
		३५	गतको भुक्तानी
		३६	अन्य
४.	धरौटी	४१	आम्दानी
		४२	फिर्ता
		४३	सदर स्याहा
		४४	हिसाब मिलान
		४९	अन्य
५.	कार्यसञ्चालन कोष तथा अन्य कोष	५१	आम्दानी
		५२	खर्च
		५३	फिर्ता
		५९	अन्य
६.	व्यवस्थापकीय पक्ष	६१	महालेखापरीक्षक फाराम
		६२	प्रतिवेदन
		६३	कानूनको परिपालना

मुख्य कोड	मुख्य वर्गीकरण	शीर्षक कोड	शीर्षक वर्गीकरण
		६४	प्रणालीको प्रयोग
		६५	आन्तरिक नियन्त्रण
		६९	अन्य

१.६ प्रतिवेदनका आधार एवं सीमाहरू

क. यस प्रतिवेदनमा संघीय सरकारी कार्यालय र अन्तरसरकारी अख्तियारीबाट प्रदेश तथा स्थानीय तहमा प्रदान गरिएको रकमबाट सञ्चालित कार्यक्रमको लेखापरीक्षण व्यहोरा समावेश गरिएको छ।

ख. प्रदेश तथा स्थानीय तहको लेखापरीक्षण तत् तत् तहबाट भई सोको प्रतिवेदन सम्बन्धित तहमा नै पेश गर्ने कानूनी व्यवस्था भएकोले यस प्रतिवेदनमा प्रदेश तथा स्थानीय तहको लेखापरीक्षण व्यहोरा समावेश गरिएको छैन।

ग. प्रदेश तथा स्थानीय तह वा प्रचलित कानून वमोजिम स्थापना भएको कुनै बोर्ड समिति वा यस्तै प्रकृतिका अन्य संस्थाबाट बाट आन्तरिक लेखापरीक्षणको लागि अनुरोध भई आएमा महालेखा नियन्त्रक कार्यालयको सहमतिमा कोष तथा लेखा नियन्त्रक कार्यालयले आन्तरिक लेखापरीक्षण गर्न सक्ने व्यवस्था अनुरूप गरिएको लेखापरीक्षणको प्रतिवेदन सम्बन्धित तहमा नै पेश गरिएको छ। त्यस्तो लेखापरीक्षणको व्यहोरा यस प्रतिवेदनमा समावेश गरिएको छैन।

घ. संघीय सरकारबाट प्रदेश तथा स्थानीय तहमा प्रदान गरिएको अन्तरसरकारी अख्तियारी रकम मध्ये सातै प्रदेशका कार्यालयहरु र ७५३ स्थानीय तहमा हस्तान्तरण गरिएको रकमको आन्तरिक लेखापरीक्षण सम्पन्न भई सोको प्रतिवेदन समावेश गरिएको छ। जनशक्तिको सीमितता, समयमा नै प्रतिवेदन पेश गर्नुपर्ने कानूनी दायित्व र कतिपय स्थानीय तहबाट स्रेस्ता पेश गर्न भएको ढिलाई जस्ता कारणले सबै अन्तरसरकारी अख्तियारी रकमको लेखापरीक्षण सम्पन्न हुन नसकेको हो। यसका साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले आफ्नो कार्यक्षेत्र भित्रका निकायको आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोको एकीकृत प्रतिवेदन भाद्र मसान्त भित्र महालेखा नियन्त्रक कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था रहेको भएतापनि कतिपय जिल्लाहरुमा आन्तरिक लेखापरीक्षण सम्पन्न नहुँदै अन्तिम लेखापरीक्षण कार्य प्रारम्भ भएकोले यस्तो संख्यामा न्यूनता आएको हो।

ङ. संघीय सरकार अन्तर्गतका सरकारी निकायहरूको लेखापरीक्षण व्यहोरा प्रतिवेदनमा समावेश गरिएको छ। यद्यपि महालेखा परीक्षकको कार्यालयको आन्तरिक लेखापरीक्षण सम्बन्धित निकायबाट नै हुँदै आएको छ।

च. संघीय सरकारबाट पूर्ण वा आंशिक रूपमा अनुदान प्राप्त भई सञ्चालनमा रहेका बोर्ड, समिति वा संस्थाहरूको लेखापरीक्षण प्रचलित कानूनबमोजिम तत् तत् निकायबाट हुने व्यवस्था भएकोले त्यसको लेखापरीक्षण व्यहोरा यस प्रतिवेदनमा समावेश गरिएको छैन।

छ. अन्तरसरकारी वित्तीय हस्तान्तरण (समानीकरण, समपूरक, विशेष, सशर्त अनुदान) रकम कोष तथा लेखा नियन्त्रक कार्यालयबाट हस्तान्तरण हुने तर त्यस्ता निकायको आन्तरिक लेखापरीक्षण

सम्बन्धित तहबाटै हुने कानूनी व्यवस्था भएकोले कोष तथा लेखा नियन्त्रक कार्यालयबाट हस्तान्तरण भएको अनुदान रकमको लेखापरीक्षणको व्यहोरा यस प्रतिवेदनमा समावेश गरिएको छैन। तर हस्तान्तरण गरिएको अनुदान रकम कूल निकासा रकममा समावेश गरिएको छ।

ज. आयकर ऐन, २०५८ को दफा ८४ मा उल्लिखित सरकारी गोप्यता सम्वन्धी प्रावधान तथा भन्सार र आयकरको लेखापरीक्षण गर्न आन्तरिक लेखापरीक्षकको समेत क्षमता विकास गर्नुपर्ने अवस्था रहेकोले राजस्वतर्फको आन्तरिक लेखापरीक्षण प्रतिवेदन बढीभन्दा बढी गैरकर राजस्वमा मात्र आधारित रहेको छ।

झ. विद्युतीय प्रणालीमा आधारित कार्यसञ्चालन प्रक्रियाका कारण एकल खाता कोष प्रणाली, राजस्व व्यवस्थापन सूचना प्रणाली, वित्तीय व्यवस्थापन सूचना प्रणाली लगायतका प्रणालीबाट उपलब्ध तथ्याङ्कहरूमा आधारित भई आन्तरिक लेखापरीक्षणको एकीकृत वार्षिक विवरण तयार गरिएको छ।

ञ. सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट लेखापरीक्षण भई एकल खाता कोष प्रणालीको आन्तरिक लेखापरीक्षण मोड्युलमा मिति २०८३/०७/१२ गते सम्म प्रविष्ट गरेको तथ्याङ्क र विवरणको आधारमा व्यवस्थापन सूचना प्रणाली (FMIS) मा प्राप्त विवरणलाई प्रतिवेदन तर्जुमाको आधार बनाइएको छ।

ट. आन्तरिक लेखापरीक्षण गर्दा नियमितता, प्रभावकारिता, कार्यदक्षता र मितव्ययिता जस्ता आधारहरू लिन सकिने व्यवस्था भएतापनि सीमित जनशक्ति र लेखापरीक्षकहरूको क्षमताको दायरामा समेत वृद्धि गर्नुपर्ने जस्ता कारणहरूले लेखापरीक्षण गर्दा बढीभन्दा बढी नियमिततालाई आधार बनाई गरिएको छ र यो प्रतिवेदन समेत त्यसैमा आधारित छ।

ठ. आन्तरिक लेखापरीक्षणबाट देखिएको कैफियत तथा बेरूजुको लगत अन्तिम लेखापरीक्षण प्रतिवेदन प्राप्त भएपश्चात् कायम नरहने तथा कार्यालयले अन्तिम लेखापरीक्षण हुनु अगावै आवश्यक प्रमाण संलग्न गरी नियमित गर्न सक्ने र लेखा उत्तरदायी अधिकृतले आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश भएको व्यहोरा अन्तिम लेखापरीक्षण हुनु अगावै फर्स्यौंट तथा सम्परीक्षण गराई अन्तिम लेखापरीक्षक समक्ष प्रस्तुत गर्नुपर्ने व्यवस्था भएकोले सोही बमोजिम कैफियत तथा बेरूजु फर्स्यौंट तथा सम्परीक्षण हुने हुँदा यस प्रतिवेदनमा समावेश गरिएको कैफियत तथा बेरूजुको विवरण सम्परीक्षण भई घट्न सक्ने अवस्था रहन्छ।

परिच्छेद - २
आन्तरिक लेखापरीक्षणको समग्र स्थिति

२.१ आन्तरिक लेखापरीक्षणको अवस्थाको सारांश

आर्थिक वर्ष २०८२/८३ मा संघीय सरकारका निकायले सञ्चालन गरेको कार्यक्रम र संघीय सरकारबाट प्रदेश तथा स्थानीय तहलाई प्रदान गरेको अन्तरसरकारी अख्तियारी रकमबाट सञ्चालन गरिएको कार्यक्रमको आन्तरिक लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन तयार गरिएको छ। आन्तरिक लेखापरीक्षणको मुलभूत उद्देश्य व्यवस्थापनलाई सुझाव प्रदान गर्नु हो। आन्तरिक लेखापरीक्षण गर्दा देखिएको कैफियत तथा बेरूजुलाई असूल उपर गर्नुपर्ने, नियमित गर्नुपर्ने र म्याद नाघेको पेस्की गरी तीन भागमा वर्गीकरण गरी प्रतिवेदन तयार गरिएको छ। प्रतिवेदनबाट देखिन आएको आन्तरिक लेखापरीक्षणको समग्र अवस्था देहाय वमोजिम रहेको छ।

क. आर्थिक वर्ष २०८२/८३ मा विनियोजन, राजस्व, धरौटी र कार्यसञ्चालन कोष तर्फको आन्तरिक लेखापरीक्षण गर्दा कूल रू.१०,६८,१५,८०,८९९/- (दश अर्ब अठ्सठ्ठी करोड पन्ध्र लाख असी हजार आठ सय उनान्सय) बेरुजु कायम भएको छ।

ख. आर्थिक वर्ष २०८२/८३ मा कुल रू. १९,६४,११,००,००,०००.।०० (उन्नाइस खर्ब चौसठ्ठी अर्ब एघार करोड रुपैंया मात्र) वजेट विनियोजन भएकोमा रू. १५,६१,३९,२६,३७,३६४।७० (पन्ध्र खर्ब एकसठ्ठी अर्ब उनान्चालीस करोड छब्बीस लाख सैंतीस हजार तीन सय चौसठ्ठी रुपैंया, पैसा सत्तरी मात्र) निकासा/खर्च भएको छ। लेखापरीक्षण गरिएको कूल विनियोजन रकममा आन्तरिक लेखापरीक्षणबाट रु. ६,७५,८४,३७,२९८।०० (छ अर्ब पचहत्तर करोड चौरासी लाख सैंतीस हजार दुई सय अन्ठान्नब्बे मात्र) बेरूजु कायम भएको छ। कायम भएको बेरूजु रकम कुल निकासा खर्चको ०.४३% हो। तर निकासा खर्च रकममा अन्तर सरकारी वित्तीय हस्तान्तरण (समानीकरण, सशर्त, समपूरक, विशेष) रकम समेत समावेश गरिएको र यस्तो अनुदान रकमको आन्तरिक लेखापरीक्षण तत् तत् तहबाट हुने कानूनी व्यवस्था भएकोले निकासा खर्च भएको सबै रकमको लेखापरीक्षण यस प्रतिवेदनमा समावेश गरिएको छैन।

ग. आर्थिक वर्ष २०८२/८३ मा लेखापरीक्षण गरिएको राजस्व रकममध्ये रू. ७६,७७,४२,०८३।०० (छैहत्तर करोड सतहत्तर लाख बयालिस हजार त्रियासी मात्र) रकम बेरूजु देखिन आएको छ। राजस्व कारोवारको सम्पूर्ण रकमको आन्तरिक लेखापरीक्षण हुन सकेको छैन। आन्तरिक लेखापरीक्षण गैरकर राजस्वमा मात्र बढी केन्द्रित हुन पुगेको छ।

घ. आर्थिक वर्ष २०८२/८३ सम्मको कुल धरौटी आम्दानी रु. ९४,५०,१२,३५,२६९।५० (चौरानब्बे अर्ब पचास करोड बाह्र लाख पैंतीस हजार दुई सय उनान्सत्तरी मात्र) भएकोमा रु.२२,४६,०४,२०,८४१।४९ (बाइस अर्ब छयालिस करोड चार लाख बीस हजार आठ सय एकचालीस रुपैंया, पैसा उनान्पचास मात्र) खर्च रहेको छ। यस वर्षको धरौटीतर्फको आन्तरिक लेखापरीक्षणबाट रू. १३,२१,३५,१९१।०० (तेह्र करोड एक्काइस लाख पैंतीस हजार एक सय एकानब्बे मात्र) बेरूजु कायम हुन आएको छ ।

ङ. आर्थिक वर्ष २०८२/८३ को कार्यसञ्चालन कोष (विविध खाता) मा कुल आम्दानी रु. ८८,५३,३४,२१,४८७।०४ (अठासी अर्ब त्रिपन्न करोड चौंतीस लाख एक्काइस हजार चार सय सतासी मात्र) भएकोमा रु. ६३,३५,५६,३४,६०४।०३ (त्रिसठ्ठी अर्ब पैंतीस करोड छपन्न लाख चौंतीस हजार छ सय चार रुपैंया, पैसा तीन मात्र) खर्च भएको छ । कार्यसञ्चालन कोषबाट भएको कूल खर्चमा आन्तरिक लेखापरीक्षणबाट रु. ३,०२,३२,६६,३२७।०० (तीन अर्ब दुई करोड बत्तीस लाख छैसठ्ठी हजार तीन सय सत्ताइस मात्र) बेरूजु कायम हुन आएको छ।

च. पेस्कीतर्फ म्याद नाघेको पेस्की रू. ५,२७,१६,२९,५०५।०० (पाँच अर्ब सत्ताइस करोड सोह्र लाख उनान्तीस हजार पाँच सय पाँच रुपैंया मात्र) देखिएको छ, गत वर्ष यो रकम चार अर्ब अठ्चालीस करोड अन्ठानब्बे लाख उनान्सय हजार सात सय त्रिचालिस कायम भएको थियो जुन रकम अघिल्लो आर्थिक वर्ष भन्दा करिव ७८,१७,२९,७६२ (अठहत्तर करोड सत्र लाख उनान्तिस हजार सात सय बैसठ्ठी रुपैंया) ले बढी भएको देखिन्छ। म्याद ननाघेको पेस्कीलाई बेरूजु कायम नगरिएकोले यस प्रतिवेदनमा समावेश गरिएको छैन।

छ. बेरूजुको प्रकृति अनुसार लेखापरीक्षण गरिएको कूल रकममध्ये असुल उपर गर्नुपर्ने तर्फ रू. ३,४२,६६,३१,३३१/- (तीन अर्ब बयालीस करोड छैसठ्ठी लाख एकतीस हजार तीन सय एकतीस), नियमित गर्नुपर्ने बेरुजु रू. १,९८,३३,२०,०६३/- (एक अर्ब अन्ठान्नब्बे करोड तेत्तीस लाख बीस हजार त्रिसठ्ठी) र म्याद नाघेको पेस्की रू. ५,२७,१६,२९,५०५/- (पाँच अर्ब सत्ताइस करोड सोह्र लाख उनन्तिस हजार पाँच सय पाँच) गरी आन्तरिक लेखापरीक्षणबाट कुल रू. १०,६८,१५,८०,८९९/- (दश अर्ब अठ्सठ्ठी करोड पन्ध्र लाख असी हजार आठ सय उनान्सय) बेरूजु कायम हुन आएको छ।

ज. गत विगतका वर्षहरुको तुलनात्मक अध्ययन गर्दा आर्थिक वर्ष २०७९/८० को बेरूजु अंक रू. ३० अर्ब ४ करोड ४ लाख देखिएकोमा आर्थिक वर्ष २०८०/८१ मा रू. १४ अर्ब ७९ करोड ४३ लाख ०३ हजार ८०२, आर्थिक वर्ष २०८१/८२ मा रु. ९ अर्ब २४ करोड ३१ हजार ६०३ तथा आर्थिक वर्ष २०८२/८३ मा रु. १० अर्ब ६८ करोड १५ लाख ८० हजार ८९९ रकम कायम हुन आएको छ। अघिल्लो आर्थिक वर्षको कुल बेरुजु रू. ९,२४,००,३१,६०३.३८ सँग तुलना गर्दा समीक्षा वर्षमा आन्तरिक लेखापरीक्षणको बेरुजुमा एक अर्ब चौवालिस करोड पन्ध्र लाख उनान्पचास हजार दुई सय पन्चान्नब्बे रुपैंया, बैसठ्ठी पैसाले वृद्धि भएको देखिन्छ।

झ. प्रणालीमा प्रविष्ट गरिएको विवरणको आधारमा आर्थिक वर्ष २०८२/८३ मा ३९८५ कार्यालयको लेखापरीक्षण सम्पन्न भएको छ। यो संख्यामा संघीय कार्यालय, अन्तरसरकारी अख्तियारी अन्तर्गत सातै प्रदेशका कार्यालयहरु र ७५३ स्थानीय तह समावेश भएको छ। संघीय सरकारबाट पूर्ण वा आंशिक अनुदान प्राप्त गरेको तर प्रचलित कानून बमोजिम तत् तत् निकायबाट नै आन्तरिक लेखापरीक्षण हुने व्यवस्था भएको निकायको लेखापरीक्षण गरिएको छैन।

ञ. विदेशस्थित नेपाली नियोगको कारोवारको प्रकृत्ति र परिमाणको आधारमा महालेखा नियन्त्रक कार्यालयले लेखापरीक्षण गर्न आन्तरिक लेखापरीक्षण खटाउन सक्ने कानूनी प्रावधान बमोजिम १० (दश) वटा विदेशस्थित कुटनैतिक नियोगहरूको आर्थिक वर्ष २०८२/८३ को कारोवारको स्थलगत

रुपमा लेखापरीक्षण गर्ने गरी प्रक्रिया अघि बढाएकोमा स्वीकृति प्राप्त नभएकोले हाल सम्म पनि आन्तरिक लेखापरीक्षण कार्य सम्पन्न गर्न नसकिएको साथै परराष्ट्र मन्त्रालयमा प्राप्त हुने भनिएका स्रेस्ताहरु सम्बन्धित मन्त्रालयबाट जानकारी प्राप्त भएपश्चात मात्र आन्तरिक लेखापरीक्षण गर्न सम्भव हुने हुँदा कानूनले तोकेको समय सिमा भित्र सम्पन्न हुन नसकेको अवस्था छ।

२.२ आन्तरिक लेखापरीक्षकको दरवन्दी र पदपूर्तिको अवस्था

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८३(१) मा भएको व्यवस्थाबमोजिम विभिन्न कोष तथा लेखा नियन्त्रक कार्यालयहरूमा रिक्त रहेका पदहरूमा आन्तरिक लेखापरीक्षण अधिकृत तथा आन्तरिक लेखापरीक्षण सहायक खटउने गरिएको छ। साविकमा निश्चित अवधिसम्म लेखाङ्कन कार्य गरिसकेका अनुभवी कर्मचारीलाई मात्र आन्तरिक लेखापरीक्षकका रूपमा खटाउने प्रावधानका कारण स्वीकृत दरबन्दीअनुसार पदपूर्ति हुन सकेको थिएन। हालको संशोधित नियमावलीबमोजिम नेपाल प्रशासन सेवा, लेखा समूहअन्तर्गतका राजपत्राङ्कित तृतीय श्रेणीका अधिकृतहरूलाई आन्तरिक लेखापरीक्षण अधिकृत र राजपत्र अनङ्कित प्रथम श्रेणीका कर्मचारीहरूलाई आन्तरिक लेखापरीक्षण सहायकका रूपमा पदस्थापन गरिएको भए तापनि, दरबन्दीअनुसारको यो पदपूर्ति चालू आर्थिक वर्षको अन्त्यतिर मात्र पूर्ण हुन सकेको थियो। यसै जनशक्ति अभावका कारण सबै सरकारी कार्यालयहरूको त्रैमासिक आन्तरिक लेखापरीक्षण निर्धारित समयमै सम्पन्न गरी प्रतिवेदन पेस गर्ने कार्यमा चुनौती देखा परेको हो।

तसर्थ, आगामी दिनमा कारोबारको प्रकृति, कार्यबोझ तथा कार्यचापलाई दृष्टिगत गर्दै सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (O&M Survey) लाई समयानुकूल परिमार्जन गरी चुस्त जनशक्ति व्यवस्थापन गर्नु अपरिहार्य देखिन्छ। आन्तरिक लेखापरीक्षकको स्वीकृत दरबन्दी तथा पदपूर्तिको यथार्थ अवस्था तालिका-१ मा प्रस्तुत गरिएको छ।

तालिका- १

आन्तरिक लेखापरीक्षकको दरबन्दी र पदपूर्तिको अवस्था

क्र.सं.	पद विवरण	स्वीकृत दरबन्दी	पदपूर्तिको अवस्था
१	आन्तरिक लेखापरीक्षण अधिकृत	६८	६४
२	आन्तरिक लेखापरीक्षण सहायक	१०७	१०२
कुल जम्मा		१७५	१६६

स्रोतः कर्मचारी प्रशासन शाखा, मलेनिका ।

२.३ विनियोजनतर्फ लेखापरीक्षण गरिएको निकाय तथा रकमगत व्यहोरा

आर्थिक वर्ष २०८२/८३ मा संघीय सरकारका कार्यालय र संघीय सरकारबाट प्रदेश तथा स्थानीय तहमा प्रदान गरिएको अन्तरसरकारी अख्तियारीबाट सञ्चालित कार्यक्रमको आन्तरिक लेखापरीक्षण

गरिएको छ। लेखापरीक्षण गरिएको निकाय र सोको रकमगत व्यहोरा तालिका-२ मा उल्लेख गरिएको छ।

तालिका- २

लेखापरीक्षण गरिएको निकाय तथा रकमगत व्यहोरा

रकम रु. लाखमा

क्र.सं.	लेखापरीक्षण गरिएको निकाय	कुल बजेट	निकासा/खर्च	कार्यालय संख्या	बेरूजु रकम
१	संघ	१९६४११००	१५६१३९२६	३२२५	१०४१९४.४०
२	प्रदेश (अख्तियारी)			७ प्रदेश	१७५.२५
३	स्थानीय तह(अख्तियारी)			७५३ स्थानीय तह	२४४६.१६
	कुल जम्मा	१९६४११००	१५६१३९२६	३९८५	१०६८१५.८१

स्रोतः वित्तीय व्यवस्थापन सूचना प्रणाली (FMIS), महालेखा नियन्त्रक कार्यालय

आर्थिक वर्ष २०८२/८३ मा कुल रू. १९,६४,११,००,००,०००.।०० (उन्नाइस खर्ब चौसठ्ठी अर्ब एघार करोड रुपैंया मात्र) वजेट विनियोजन भएकोमा रू. १५,६१,३९,२६,३७,३६४।७० (पन्ध्र खर्ब एकसठ्ठी अर्ब उनान्चालीस करोड छब्बीस लाख सैंतीस हजार तीन सय चौसठ्ठी रुपैंया, पैसा सत्तरी मात्र) निकासा/खर्च भएको छ। प्रणालीमा प्रविष्ट भएको विवरण अनुसार तीन हजार दुई सय पच्चीस संघीय कार्यालयहरु एवम् प्रदेश तथा स्थानीय तहमा अन्तर सरकारी अख्तियारी गएका सबै कार्यालयहरुको आन्तरिक लेखापरीक्षण सम्पन्न भएको छ। निकासा खर्च भएको कूल रकममा आन्तरिक लेखापरीक्षणबाट रु. ६,७५,८४,३७,२९८।०० (छ अर्ब पचहत्तर करोड चौरासी लाख सैंतीस हजार दुई सय अन्ठान्नब्बे मात्र) बेरूजु कायम भएको छ। कायम भएको बेरूजु रकम कुल निकासा खर्चको ०.४३% हो। यस आर्थिक वर्षमा कुल म्याद नाघेको पेश्की रू. ५,२७,१६,२९,५०५।०० (पाँच अर्ब सत्ताइस करोड सोह्र लाख उनान्तीस हजार पाँच सय पाँच रुपैंया मात्र) कायम भएकोमा विनियोजन तर्फ मात्रै यस्तो रकमको हिस्सा रू. ५,२५,७८,६७,५४६।०० (पाँच अर्ब पच्चीस करोड अठहत्तर लाख सतसठ्ठी हजार पाँच सय छयालीस रुपैंया मात्र) छ।

२.४ विनियोजन, राजश्व, धरौटी र कार्य सञ्चालन कोष तथा विविधको लेखापरीक्षण विवरण

आर्थिक वर्ष २०८२/८३ मा संघीय सरकारको विनियोजन, राजस्व, धरौटी र कार्य सञ्चालन कोष तथा विविध (खर्च) कारोवारको लेखापरीक्षण गरिएकोमा विनियोजन तर्फ रु. ६ अर्ब ७५ करोड ८४ लाख ३७ हजार २९८, राजश्वतर्फ रू. ७६ करोड ७७ लाख ४२ हजार ०८३, धरौटी तर्फ रू. १३ करोड २१ लाख ३५ हजार १९१ र कार्य सञ्चालन कोष तथा विविध (खर्च) तर्फ रु. ३ अर्ब ०२ करोड ३२ लाख ६६ हजार ३२७ बेरूजु कायम भएको देखिन्छ। विनियोजनतर्फ संघीय सरकारबाट प्रदेश तथा स्थानीय तहलाई अन्तरसरकारी अख्तियारी अन्तर्गत प्रदान गरेको रकम समेत समावेश गरिएको छ। कारोवार रकमको आधारमा राजस्वतर्फ आन्तरिक लेखापरीक्षणको बेरूजु न्यून देखिनुमा सबै राजस्व कारोवारको आन्तरिक लेखापरीक्षण हुन सकेको छैन। आन्तरिक लेखापरीक्षकहरूको क्षमता

अभिवृद्धि गर्दै सबै प्रकारका राजस्वको सबै कारोवारलाई आन्तरिक लेखापरीक्षणको दायरामा ल्याउन आवश्यक देखिन्छ। कारोवारगत आधारमा देखिएको बेरूजुको विवरणलाई निम्नअनुसार तालिका ३ मा देखाइएको छ।


तालिका- ३

कारोवारगत आधारमा बेरूजु विवरण

रकम रु. मा

क्र.सं.	कारोवार	कारोवार रकम	बेरुजु रकम	बेरुजु प्रतिशत
१	विनियोजन	१५६१३९२६३७३६४.७०	६७५८४३७२९८.००	०.४३
२	राजश्व	१६३११०३७४०९४२.२२	७६७७४२०८३.००	०.०५
३	धरौटी	२२४६०४२०८४१.४९	१३२१३५१९१.००	०.१४
४	कार्यसञ्चालन कोष तथा विविध (खर्च)	६३३५५६३४६०४.०३	३०२३२६६३२७.००	३.४१
		जम्मा बेरुजु रकम	१०६८१५८०८९९.००	

स्रोतः वित्तीय व्यवस्थापन सूचना प्रणाली (FMIS), महालेखा नियन्त्रक कार्यालय



२.५ बजेट वर्गीकरण अनुसार लेखापरीक्षणको व्यहोरा

आर्थिक वर्ष २०८२/८३ मा संघीय सरकार अन्तर्गत विनियोजित बजेटमा आन्तरिक लेखापरीक्षण गर्दा चालु, पुँजीगत र वित्तीय व्यवस्थामा विनियोजित भएको कूल रकममध्ये चालुतर्फ ११ खर्ब ६८ अर्ब ७१ करोड ०७ लाख २५ हजार ९९६, पुँजीगततर्फ ४ खर्ब ०९ अर्ब १७ करोड ७२ लाख ७४ हजार चार र वित्तीय व्यवस्थातर्फ ३ खर्ब ८६ अर्ब २२ करोड २० लाख निकासा खर्च भएको देखिन्छ। आन्तरिक लेखापरीक्षणबाट चालु खर्चमा रू. ९६ करोड ९२ लाख ३२ हजार आठ सय त्रियान्नब्बे एक्काइस र पुँजीगत खर्चमा ५ अर्ब ४८ करोड ६६ लाख ९६ हजार २४९ बेरूजु कायम भएको देखिन्छ भने वित्तीय व्यवस्थामा बेरुजु शुन्य रहेको छ। यस तालिकामा व्यवस्थापकीय पक्ष तर्फको

बेरुजु समावेश गरिएको छैन । बजेट बर्गीकरण अनुसारको लेखापरीक्षण व्यहोरालाई देहायको तालिका-४ मा देखाइएको छ।

तालिका- ४


वजेट वर्गीकरण अनुसार लेखापरीक्षणको व्यहोरा

रकम रु. मा

क्र.सं.	विवरण	कुल बजेट	निकासा/खर्च	बेरुजु	प्रतिशत
1	चालु	११६८७१०७२५९९६.००	१०१५६५३९१४१६४.०८	९६९३५३२३९.००	०.१०
2	पुँजीगत	४०९१७७२७४००४.००	१९१८९१९०७२२०.२९	५७८९०८४०५९.००	३.०२
3	वित्तिय व्यवस्था	३८६२२२०००००.००	३५३८४६८१५९८०.३३	०.००	०.००
कुल जम्मा		१९६४११०००००००.००	१५६१३९२६३७३६४.७०	६७५८४३७२९८.००	०.४३

स्रोतः वित्तीय व्यवस्थापन सूचना प्रणाली (FMIS), महालेखा नियन्त्रक कार्यालय

द्रष्टव्यः निकासा/खर्च रकममा प्रदेश, स्थानीय तह, अन्य संघसंस्थालाई प्रदान गरिएको अनुदान समावेश भएको । तर उक्त रकमको आन्तरिक लेखापरीक्षण नभएको । उक्त तालिकालाई निम्नानुसार चार्टमा समेत देखाइएको छ।



विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय अनुशासन कायम गर्ने तथा चालु खर्च नियन्त्रण गर्दै पुँजीगत खर्च वृद्धि गर्ने सरकारको नीति भएतापनि चालु खर्चको तुलनामा पुँजीगत खर्च न्यून विनियोजन हुनु तथा विनियोजित बजेटमा पनि न्यून पुँजीगत खर्च हुनुले सरकारले लिएको नीति पूरा हुने देखिदैन। विकास निर्माण र सेवा प्रवाहलाई ध्यान दिई पुँजीगत खर्चमा बढोत्तरी गर्दै लैजानुपर्दछ।

२.६ बेरूजु वर्गीकरण अनुसार लेखापरीक्षणको अवस्था

आर्थिक वर्ष २०८२/०८३ मा लेखापरीक्षण गरिएको रकम मध्ये कूल बेरूजु रू.१० अर्ब ६८ करोड १५ लाख ८० हजार ८९९ रहेको छ। जसमध्ये असुलउपर गर्नुपर्ने बेरुजु रू. ३ अर्ब ४२ करोड ६६ लाख ३१ हजार ३३१, नियमित गर्नुपर्ने बेरुजु रू. १ अर्ब ९८ करोड ३३ लाख २० हजार ०६३ र म्याद

नाघेको पेस्की रू. ५ अर्ब २७ करोड १६ लाख २९ हजार ५०५ बेरुजु रहेको छ। यो बेरूजु कूल बेरूजुमा तुलना गर्दा ३२.०८ प्रतिशत असुल गर्नुपर्ने, १८.५७ प्रतिशत नियमित गर्नुपर्ने र ४९.३५ प्रतिशत म्याद नाघेको पेश्की हुन आउछ। अन्य बेरूजुको तुलनामा पेस्की बेरूजुको मात्रा बढी रहेको देखिन्छ। कानूनको परिपालनामा सम्बन्धित पदाधिकारीलाई समयमै पेश्की फछ्यौंट गर्न गराउन जिम्मेवार बनाउनु पर्ने आवश्यक देखिन्छ। बेरूजु बर्गीकरण अनुसारको लेखापरीक्षणको अवस्थालाई तालिका-५ मा प्रस्तुत गरिएको छ।


तालिका- ५

बेरूजु बर्गीकरण अनुसार लेखापरीक्षणको अवस्था

क्र.सं.	वर्गीकरण	रकम (रु.)	प्रतिशत
१	असुल गर्नुपर्ने	३४२६६३१३३१.००	३२.०८
२	नियमित गर्नुपर्ने	१९८३३२००६३.००	१८.५७
३	म्याद नाघेको पेश्की	५२७१६२९५०५.००	४९.३५
कुल जम्मा		१०६८१५८०८९९.००	

स्रोतः वित्तीय व्यवस्थापन सूचना प्रणाली (FMIS), महालेखा नियन्त्रक कार्यालय

माथिको तालिकालाई निम्न चार्टमा समेत प्रस्तुत गरिएको छ।



२.७ आर्थिक वर्षअनुसार बेरूजुको तुलनात्मक विवरण

आर्थिक वर्ष २०७९/८० को बेरूजु अंक रू. ३० अर्ब ४ करोड ४ लाख देखिएकोमा आर्थिक वर्ष २०८०/८१ मा रू. १४ अर्ब ७९ करोड ४३ लाख ०३ हजार ८०२, आर्थिक वर्ष २०८१/८२ मा रु. ९ अर्ब २४ करोड ३१ हजार ६०३ तथा आर्थिक वर्ष २०८२/८३ मा रु. १० अर्ब ६८ करोड १५ लाख ८० हजार ८९९ रकम कायम हुन आएको छ। तुलनाको पहिलो आर्थिक वर्ष २०७९/८० को तुलनामा हालको आर्थिक वर्ष २०८२/८३ मा बेरुजु करिब रु.१९ अर्ब ३५ करोड ८९ लाखभन्दा बढी रकमले घटेको देखिन्छ । विगत चार आर्थिक वर्षको बेरूजुको तुलनात्मक विवरणलाई तालिका-६ मा प्रस्तुत गरिएको छ।

तालिका- ६


आर्थिक वर्षअनुसार बेरूजुको तुलनात्मक विवरण

रु. लाखमा

वर्गीकरण	आ.व.०७९/८०	आ.व. ०८०/८१	आ.व.०८१/८२	आ.व.०८२/८३
असुल गर्नुपर्ने	३७६३.३४	१९२९६.८८	७८००.१०	३४२६६.३१
नियमित गर्नुपर्ने	४९३१३.५०	२४०९७.०४	३९७०१.२२	१९८३३.२०
म्याद नाघेको पेश्की	२४७३२७.६५	१०४५४९.११	४४८९९.००	५२७१६.३०
जम्मा	३००४०४.४९	१४७९४३.०४	९२४००.३२	१०६८१५.८०

स्रोतः वित्तीय व्यवस्थापन सूचना प्रणाली (FMIS), महालेखा नियन्त्रक कार्यालय

विगत चार आर्थिक वर्षको बेरूजुको तुलनात्मक विवरण निम्न चार्टमा देखाइएको छ।



२.८ अन्तरसरकारी अख्तियारी (प्रदेश र स्थानीय तह)को बेरुजु

आर्थिक वर्ष २०८२/८३ मा संघीय सरकारबाट प्रदेश तथा स्थानीय तहमा प्रदान गरिएको अन्तरसरकारी अख्तियारी अन्तर्गत कूल २६ करोड २१ लाख ४० हजार १५० बेरुजु कायम भएको देखिन्छ। जस अन्तर्गत प्रदेशतर्फ १ करोड ७५ लाख २५ हजार ४२६ बेरुजु रहेको छ। स्थानीय तहको अन्तर सरकारी अख्तियारी अन्तर्गत असूल गर्नुपर्ने रु. २ करोड ०९ लाख १८ हजार ४७६, नियमित गर्नुपर्ने रु. १४ करोड ७८ लाख ७० हजार ५२७ र म्याद नाघेको पेश्की रु. ५ करोड ०५ लाख १६ हजार ६१४ रहेको छ । प्रदेश र स्थानीय तहको अन्तर सरकारी अख्तयारी को बेरुजु तालिका-७ मा देखाइएको छ।

तालिका-७

अन्तरसरकारी अख्तियारी को बेरुजु विवरण

बजेट उपशिर्षक	कुल बेरूजु (रकम रु. मा)			
	असुल गर्नु पर्ने	नियमित गर्नु पर्ने	म्याद नाघेको पेस्की	जम्मा
३४०००१०६३ महिला समुत्थान कार्यक्रम	२६,४००.००	०.००	०.००	२६,४००.००

३६५००१०६३ बहुक्षेत्रीय पोषण कार्यक्रम	२,०००.००	०.००	०.००	२,०००.००
३१४०१०१२३ सामाजिक सुरक्षा तथा संरक्षण	९,६५४,०७३.००	५,११५,७४८.००	२३,५२४,०००.००	३८,२९३,८२१.००
३३६००१०१३ गरिब घर परिवार पहिचान तथा परिचय	६५,४१७.००	११३,७७०.००	०.००	१७९,१८७.००
३४७०२०११४ स्थानीय पूर्वाधार विकास विभाग	७४२,०९६.००	१,२४४,१५४.००	०.००	१,९८६,२५०.००
३४७०२१०७४ स्थानीय तह प्रशासकीय भवन पूर्वाधार	५३८,६०८.००	४,८९९,९२८.००	७,५००,०००.००	१२,९३८,५३६.००
३५०००१०९४ राष्ट्रिय शैक्षिक सुधार कार्यक्रम	९,४४९,८२२.००	३५,१००,२८०.००	८६१,४५९.००	४५,४११,५६१.००
३६५००१२०४ जलवायु परिवर्तन स्थानीय अनुकूलन	०.००	१४,६५०,८१२.००	३,८६२,०००.००	१८,५१२,८१२.००
३७०००११४३ स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	१२,५२९.००	१,६६३,३१७.००	२१६,०००.००	१,८९१,८४६.००
३७०००११६४ एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम	४५८,७९६.००	१०९,७५१,५८६.००	३२६८७३५५.००	१४२८९,७७३७.००
कुल जम्मा	२०९,४९७,४१.००	१७२,५३९,५९५.००	६८६,५०८,१४.००	२६२,१४०,१५०.००

२.९ रकमगत आधारमा बढी बेरुजु हुने केन्द्रीय निकायहरू

आर्थिक वर्ष २०८२/८३ मा गरिएको आन्तरिक लेखापरीक्षण अनुसार सबैभन्दा बढी बेरूजु भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको रू. ४ अर्ब १९ करोड १७ लाख रहेको छ। त्यस्तै उर्जा मन्त्रालय, भूमि व्यवस्था, शहरी विकास मन्त्रालय र रक्षा मन्त्रालयमा क्रमश बढी बेरूजु देखिन्छ। बढी बेरूजु देखिएका पाँच केन्द्रीय निकायहरूलाई तालिका- ८ मा देखाइएको छ।

तालिका- ८

कुल रकमगत आधारमा बढी बेरूजु भएका पाँच केन्द्रीय निकायहरु

रकम रु. लाखमा

क्र.सं.	मन्त्रालय/निकाय	बेरुजु रकम			जम्मा बेरुजु
		असुल गर्नु पर्ने (रु. लाखमा)	नियमित गर्नु पर्ने (रु. लाखमा)	म्याद नाघेको पेस्की (रु. लाखमा)	
१	३३७ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय	८०७९.६२	१८२८.९१	३२००८.७	४१९१७.३
२	३०८ उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय	२४१०५.१	२८४.२८१	८००३.४५	३२३९२.८
३	३३६ भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय	१६.९७९	१३२०७.३	१.३२५३४	१३२२५.६
४	३४७ शहरी विकास मन्त्रालय	१५१.२०८	११७१.५६	६४८१.१६	७८०३.९३
५	३४५ रक्षा मन्त्रालय	०	०	३१९६.४४	३१९६.४४

स्रोतः वित्तीय व्यवस्थापन सूचना प्रणाली (FMIS), महालेखा नियन्त्रक कार्यालय ।

आर्थिक वर्ष २०८२/८३ मा असुल गर्नुपर्ने रकम, नियमित गर्नुपर्ने रकम र म्याद नाघेको पेश्की रकमका आधारमा बढी बेरुजु भएका पाँच केन्द्रीय निकायहरुको विवरण क्रमश तालिका नं. ८.१, तालिका नं. ८.२ र तालिका नं. ८.३ मा उल्लेख गरिएको छ।

तालिका-८.१

असुलउपर गर्नुपर्ने रकमका आधारमा बढी बेरूजु भएका पाँच केन्द्रीय निकायहरु

रकम रु. मा

क्र.सं.	मन्त्रालय/निकाय	असुल उपर गर्नुपर्ने
१	३०८ उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय	२४१०५०५९५९.००
२	३३७ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय	८०७९६१९६५.००
३	३५८ सञ्चार तथा सूचना प्रविधि मन्त्रालय	११६३३३८४९.००
४	३६५ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय	२४६७०७१८.००
५	८०१ स्थानीय तह	२०९२१३४१.००

तालिका-८.२

नियमित गर्नुपर्ने रकमका आधारमा बढी बेरूजु भएका पाँच केन्द्रीय निकायहरु

रकम रु. मा

क्र.सं.	मन्त्रालय/निकाय	नियमित गर्नुपर्ने
१	३३६ भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय	१३२०७३१३३५.००
२	३३७ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय	१८२८९१२५६.००
३	८०१ स्थानीय तह	१६००४३७६९.००
४	३४७ शहरी विकास मन्त्रालय	११७१५५९१४.००
५	३७० स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	४०९०३८३१.००

तालिका-८.३

म्याद नाघेको पेश्कीका आधारमा बढी बेरूजु भएका पाँच केन्द्रीय निकायहरु

रकम रु. मा

क्र.सं.	मन्त्रालय/निकाय	म्याद नाघेको पेश्की
१	३३७ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय	३२००८७३७६२.००
२	३०८ उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय	८००३४५३३७.००
३	३४७ शहरी विकास मन्त्रालय	६४८११६४५६.००
४	३४५ रक्षा मन्त्रालय	३१९६४३५५७.००
५	३१३ खानेपानी मन्त्रालय	१२१४७८१७८.००

२.१० बेरूजुको केन्द्रीय निकाय/मन्त्रालयगत सारांश

आर्थिक वर्ष २०८२/८३ मा भएका सरकारी आर्थिक कारोवारहरुको आन्तरिक लेखापरीक्षणबाट देखिएको बेरूजुको केन्द्रीय निकायगत सारांश तलको तालिका- ९ मा देखाइएको छ। केन्द्रीय निकायको प्रकारगत आन्तरिक लेखापरीक्षण बेरुजु प्रतिवेदन नं. ४४२० यसै प्रतिवेदनसाथ संलग्न गरिएको छ।

तालिका - ९

बेरूजुको केन्द्रीय नियकायगत सारांश

रकम रु. मा

मन्त्रालय	बेरुजु रकम			
	असुल गर्नु पर्ने	नियमित गर्नु पर्ने	म्याद नाघेको पेस्की	जम्मा
१०१ राष्ट्रपति	०.००	०.००	०.००	०.००
१०२ उपराष्ट्रपति	०.००	०.००	०.००	०.००
१०३ प्रदेश प्रमुखहरु	३०००.००	२८००.००	०.००	५८००.००
२०२ संघीय संसद	०.००	०.००	०.००	०.००
२०४ अदालत	११४०६३६.००	२०२९६०६.००	५३९६५६३.००	८५६६८०५.००
२०६ अख्तियार दुरुपयोग अनुसन्धान आयोग	०.००	०.००	०.००	०.००
२०८ महालेखा परीक्षकको कार्यालय	०.००	०.००	०.००	०.००
२१० लोक सेवा आयोग	०.००	११०५०.००	०.००	११०५०.००
२१२ निर्वाचन आयोग	१५४५३२५.००	२२६८२०४.००	३०००.००	३८४३५२९.००
२१४ राष्ट्रिय मानव अधिकार आयोग	०.००	०.००	०.००	०.००
२१८ न्याय परिषद्	०.००	०.००	०.००	०.००
२२० राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग	०.००	०.००	०.००	०.००
२२२ राष्ट्रिय महिला आयोग	०.००	१८९०००.००	०.००	१८९०००.००
२२४ राष्ट्रिय दलित आयोग	०.००	०.००	०.००	०.००
२२६ राष्ट्रिय समावेशी आयोग	०.००	०.००	०.००	०.००
२२८ आदिवासी जनजाति आयोग	०.००	८२०१५.००	०.००	८२०१५.००
२३० मधेशी आयोग	०.००	०.००	०.००	०.००
२३२ थारू आयोग	०.००	०.००	०.००	०.००
२३४ मुस्लिम आयोग	०.००	०.००	०.००	०.००
३०१ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	६७६७५.००	६०३६८१८.००	०.००	६१०४४९३.००
३०५ अर्थ मन्त्रालय	१३३२४०५.००	१९८८४३५४.००	७४६२५५.००	२१९६३०१४.००
३०७ उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय	७२२५.००	१०२९६.००	०.००	१७५२१.००
३०८ उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय	२४१०५०५९५९.००	२८४२८०८७.००	८००३४५३३७.००	३२३९२७९३८३.००
३११ कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय	०.००	०.००	०.००	०.००
३१२ कृषि तथा पशुपन्छी विकास मन्त्रालय	२३९१६०५.००	९०२१२११.००	०.००	११४१२८१६.००
३१३ खानेपानी मन्त्रालय	२०९६९९३.००	२३७६६६७२.००	१२१४७८१७८.००	१४७३४१८४३.००
३१४ गृह मन्त्रालय	९२३१४९.००	१२१३००३२.००	४१२२५३५०.००	५४२७८५३१.००
३२५ संस्कृति, पर्यटन तथा नागरिक उड्डययन मन्त्रालय	०.००	१.००	१४१४०९९४.००	१४१४०९९५.००
३२६ परराष्ट्र मन्त्रालय	१७२६४१.००	०.००	३७०९२४३९.००	३७२६५०८०.००
३२९ वन तथा वातावरण मन्त्रालय	३१९६९१.००	३३२१४०५.००	१६०००००.००	५२४१०९६.००
३३२ विज्ञान तथा प्रविधि मन्त्रालय	०.००	०.००	०.००	०.००
३३६ भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय	१६९७८९५.००	१३२०७३१३३५.००	१३२५३४.००	१३२२५६१७६४.००
३३७ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय	८०७९६१९६५.००	१८२८९१२५६.००	३२००८७३७६२.००	४१९१७२६९८३.००

मन्त्रालय	बेरुजु रकम			
	असुल गर्नु पर्ने	नियमित गर्नु पर्ने	म्याद नाघेको पेस्की	जम्मा
३४० महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय	७७५२०.००	०.००	२००००.००	२७७५२०.००
३४३ युवा तथा खेलकूद मन्त्रालय	०.००	१५३१३७८.००	९५१३०४२.००	११०४४४२०.००
३४५ रक्षा मन्त्रालय	०.००	०.००	३१९६४३५५७.००	३१९६४३५५७.००
३४७ शहरी विकास मन्त्रालय	१५१२०८१६.००	११७१५५९१४.००	६४८११६४५६.००	७८०३९३१८६.००
३५० शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय	३०३०६५६.००	१३६८९९७.००	७१०८१६.००	५११०४६९.००
३५८ सञ्चार तथा सूचना प्रविधि मन्त्रालय	११६३३३८४९.००	३३३८३२३.००	०.००	११९६७२१७२.००
३६५ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय	२४६७०७१८.००	३५६७६६८३.००	८५८४०८.००	६१२०५८०९.००
३७० स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	१६२८१८६७.००	४०९०३८३१.००	८७५०००.००	५८०६०६९८.००
३७१ श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय	०.००	०.००	०.००	०.००
३९१ राष्ट्रिय योजना आयोग	०.००	०.००	०.००	०.००
७०१ प्रदेश	२८४००.००	१२४९७०२६.००	५०००००.००	१७५२५४२६.००
८०१ स्थानीय तह	२०९२१३४१.००	१६००४३७६९.००	६३६५०८१४.००	२४४६१५९२४.००
जम्मा	३४२६६३१३३१.००	१९८३३२००६३.००	५२७१६२९५०५.००	१०६८१५८०८९९.००

स्रोतः वित्तीय व्यवस्थापन सूचना प्रणाली (FMIS), महालेखा नियन्त्रक कार्यालय ।

२.११ संघीय बेरूजुको प्रदेशगत विवरण

आर्थिक वर्ष २०८२/८३ मा संघीय सरकारको आन्तरिक लेखापरीक्षणबाट रू. १० अर्ब ६८ करोड १५ लाख ८० हजार ८९९ बेरूजु कायम भएकोमा सबैभन्दा बढी बेरूजु बागमती प्रदेश अन्तर्गतका जिल्लाहरुमा कुल रु. ५ अर्ब ३२ करोड ८२ लाख ५७ हजार ११७ रहेको छ। यसैगरी, सबै भन्दा कम बेरुजु गण्डकी प्रदेशको रु. १५ करोड ३६ लाख ५९ हजार २०३ रहेको छ। प्रदेशगत बेरूजुको विवरण तालिका- १० मा देखाइएको छ।

तालिका- १०

संघीय बेरूजुको प्रदेशगत विवरण

रकम रु. मा

प्रदेश	असुल गर्नु पर्ने	नियमित गर्नु पर्ने	म्याद नाघेको पेस्की	जम्मा बेरुजु
कोशी प्रदेश	२२७४८४५६.००	८५५१५९८३.००	४८५३३३३४७.००	५९३५९७७८६.००
मधेश प्रदेश	२६३००२२३८.००	३८३६२०८८.००	४१२१२८२७६.००	७१३४९२६०२.००
बागमती प्रदेश	२५२७६२१३६६.००	९११००५१०६.००	१८८९६३०६४५.००	५३२८२५७११७.००
गण्डकी प्रदेश	१७१०८०२९.००	५०३८४३८६.००	८६१६६७८८.००	१५३६५९२०३.००
लुम्बिनी प्रदेश	४२५५५७६२९.००	६८२७५२०३१.००	२१६७९७९३६४.००	३२७६२८९०२४.००
कर्णाली प्रदेश	१३९७६६३८७.००	८२२७८८८९.००	१७८७५१८५४.००	४००७९७१३०.००

प्रदेश	असुल गर्नु पर्ने	नियमित गर्नु पर्ने	म्याद नाघेको पेस्की	जम्मा बेरुजु
सुदुरपश्चिम प्रदेश	३०८२७२२६.००	१३३०२१५८०.००	५१६३९२३१.००	२१५४८८०३७.००
कुल जम्मा	३४२६६३१३३१.००	१९८३३२००६३.००	५२७१६२९५०५.००	१०६८१५८०८९९.००

स्रोतः वित्तीय व्यवस्थापन सूचना प्रणाली (FMIS), महालेखा नियन्त्रक कार्यालय ।

२.१२ जिल्लागत विवरणको सारांश

आर्थिक वर्ष २०८२/८३ मा गरिएको आन्तरिक लेखापरीक्षणबाट जिल्लागत रूपमा देखिएको बेरूजुको सारांश तालिका- ११ मा उल्लेख गरिएको छ। जिल्लाको प्रकारगत आन्तरिक लेखापरीक्षण बेरुजु प्रतिवेदन नं. ४४२१ मा यसै प्रतिवेदनसाथ संलग्न गरिएको छ।

तालिका- ११

जिल्लागत बेरूजुको सारांश

रकम रु. मा

जिल्ला	बेरुजु रकम			
	असुल गर्नु पर्ने	नियमित गर्नु पर्ने	म्याद नाघेको पेस्की	जम्मा
को.ले.नि.का. - ताप्लेजुङ (०१)	८८००२.००	०.००	०.००	८८००२.००
को.ले.नि.का. - पाँचथर (०२)	६५३७१९.००	१३५७२३६.००	१९९३२३७१.००	२१९४३३२६.००
को.ले.नि.का. - इलाम (०३)	३०६०२१.००	१९६९०१८.००	०.००	२२७५०३९.००
को.ले.नि.का. - सङ्खुवासभा (०४)	६७९३५२७.००	८९६६८५.००	०.००	७६९०२१२.००
को.ले.नि.का. - तेरथुम (०५)	१०२२३५५.००	०.००	०.००	१०२२३५५.००
को.ले.नि.का. - धनकुटा (०६)	९८५३६६.००	०.००	०.००	९८५३६६.००
को.ले.नि.का. - भोजपुर (०७)	४०९०४६.००	१४८४२४८.००	०.००	१८९३२९४.००
को.ले.नि.का. - खोटाङ (०८)	९७४५.००	७५६८४.००	०.००	८५४२९.००
को.ले.नि.का. - सोलुखुम्बु (०९)	०.००	०.००	०.००	०.००
को.ले.नि.का. - ओखलढुंगा (१०)	३१५०७.००	१४८०३८.००	२१६०००.००	३९५५४५.००
को.ले.नि.का. - उदयपुर (११)	०.००	१७६६९०००.००	२७४०७५००.००	४५०७६५००.००
को.ले.नि.का. - झापा (१२)	८०५१९०.००	१६८४४७३२.००	०.००	१७६४९९२२.००
को.ले.नि.का. - मोरङ (१३)	५९५४३२४.००	२३१०२७०१.००	४३७७७४७६.००	४६६८३४५०१.००
को.ले.नि.का. - सुनसरी (१४)	५६८९६५४.००	२१९६८६४१.००	०.००	२७६५८२९५.००
को.ले.नि.का. - सप्तरी (१५)	१३९६२१२.००	२११८६.००	४७१०००.००	१८८८३९८.००
को.ले.नि.का. - सिराहा (१६)	११९१२२४.००	२३६०४७४.००	११५०१०००.००	१५०५२६९८.००
को.ले.नि.का. - धनुषा (१७)	८६२८०.००	६३०३६३.००	०.००	७१६६४३.००
को.ले.नि.का. - महोत्तरी (१८)	०.००	१६९७९०४.००	२८८६५६७९.००	३०५६३५८३.००
को.ले.नि.का. - सर्लाही (१९)	१४१५८७५.००	२७३२२५९.००	३६१६५४०४३.००	३६५८०२१७७.००
को.ले.नि.का. - रौतहट (२०)	१८१००.००	२४१८४१४१.००	०.००	२४२०२२४१.००
को.ले.नि.का. - बारा (२१)	६५३३६.००	०.००	९६३६५५४.००	९७०१८९०.००
को.ले.नि.का. - पर्सा (२२)	२५८८२९२११.००	६७३५७६१.००	०.००	२६५५६४९७२.००
को.ले.नि.का. - दोलखा (२३)	१०५२०२८.००	१६९३१७५०.००	०.००	१७९८३७७८.००
को.ले.नि.का. - रामेछाप (२४)	४९७००.००	१००००.००	०.००	५९७००.००
को.ले.नि.का. - सिन्धुली (२५)	२४०४०५७८४४.००	१८०७१२७.००	३५३९४७९.००	२४०९४०४४५०.००
को.ले.नि.का. - काभ्रेपलान्चोक (२६)	६२५३.००	०.००	४१७८८२१.००	४१८५०७४.००
को.ले.नि.का. - सिन्धुपाल्चोक (२७)	१६६३७.००	०.००	०.००	१६६३७.००
को.ले.नि.का. - रसुवा (२८)	२४२४३.००	०.००	१०००००.००	१०२४२४३.००

जिल्ला	बेरुजु रकम			
	असुल गर्नु पर्ने	नियमित गर्नु पर्ने	म्याद नाघेको पेस्की	जम्मा
को.ले.नि.का. - नुवाकोट (२९)	१०१८८.००	३०५७७०१.००	६८३०३२०१.००	७१३७१०९०.००
को.ले.नि.का. - धादिङ (३०)	४२५०४.००	५२५२५४८३.००	२६१००.००	५२५९४०८७.००
को.ले.नि.का. - चितवन (३१)	४४३५५७७.००	२३६३८५४३.००	१२४७७६४.००	२९३२१८८४.००
को.ले.नि.का. - मकवानपुर (३२)	८७०८८०.००	०.००	२२८०५०००.००	२३६७५८८०.००
को.ले.नि.का. - भक्तपुर (३३)	७७७८००.००	७३९९५४८.००	३००००.००	८४७७३४८.००
को.ले.नि.का. - ललितपुर (३४)	३४२३७.००	३०५०६६२.००	०.००	३०८४८९९.००
को.ले.नि.का.- बबरमहल (३५ - ००)	११६२१५७२३.००	१७२९३३६८.००	१४१०३८३०४५.००	१५४३८९२१३६.००
को.ले.नि.का. - त्रिपुरेश्वर (३५-०१)	२६४१९.००	१२६७९५९.००	०.००	१२९४३७८.००
को.ले.नि.का. - सुन्धारा (३५-०२)	०.००	०.००	३१६९०३५५७.००	३१६९०३५५७.००
को.ले.नि.का. - लैनचौर (३५-०३)	१३३३.००	७८४०२२९६५.००	५७२२५५७९.००	८४१२४९८७७.००
को.ले.नि.का. - सिहदरबार (३५-०४)	०.००	०.००	३७१८०९९.००	३७१८०९९.००
को.ले.नि.का. - गोर्खा (३६)	२०४०२९६.००	२१५३७१६१.००	०.००	२३५७७४५७.००
को.ले.नि.का. - लमजुङ (३७)	०.००	०.००	०.००	०.००
को.ले.नि.का. - तनहू (३८)	४०२२५२९.००	१३४६५५३.००	६४३१३०००.००	६९६८२०८२.००
को.ले.नि.का. - कास्की (३९)	७८७८३३७.००	२६५३१७३४.००	०.००	३४४१००७१.००
को.ले.नि.का. - मनाङ्ग (४०)	४१८५२०.००	०.००	०.००	४१८५२०.००
को.ले.नि.का. - मुस्ताङ्ग (४१)	२१५९९८५.००	११३४८६.००	१२६७८७८८.००	१४९५२२५९.००
को.ले.नि.का. - पर्वत (४२)	४४७९१६.००	८५५४५२.००	०.००	१३०३३६८.००
को.ले.नि.का. - स्याङ्जा (४३)	१२७७७.००	०.००	०.००	१२७७७.००
को.ले.नि.का. - म्याग्दी (४४)	०.००	०.००	०.००	०.००
को.ले.नि.का. - बाग्लुङ (४५)	१२७६६९.००	०.००	९१७५०००.००	९३०२६६९.००
को.ले.नि.का. - नवलपुर (४६)	०.००	०.००	०.००	०.००
को.ले.नि.का. - नवलपरासी (४७)	४५८६६.००	१२१८७७२.००	५३३२५००.००	६५९७१३८.००
को.ले.नि.का. - रुपन्देही (४८)	२४६८३११४.००	५६९०९८१४५.००	१८३६२४९५३१.००	२४३००३०७९०.००
को.ले.नि.का. - कपिलबस्तु (४९)	१०२८५०२.००	२७०८९८१०.००	०.००	२८११८३१२.००
को.ले.नि.का. - पाल्पा (५०)	६६८६३.००	०.००	०.००	६६८६३.००
को.ले.नि.का. - अर्घाखाँची (५१)	३९८५६३३८६.००	३२९३६६८.००	०.००	४०१८५७०५४.००
को.ले.नि.का. - गुल्मी (५२)	४९५६०२.००	८८७०१४.००	०.००	१३८२६१६.००
को.ले.नि.का. - रुकुमकोट (५३)	६३६४९.००	९५४९०.००	५०००००.००	५१५९१३९.००
को.ले.नि.का. - रोल्पा (५४)	०.००	०.००	९६३९३८७९.००	९६३९३८७९.००
को.ले.नि.का. - प्यूठान (५५)	६८८९०.००	३५३६९४०६.००	०.००	३५४३८२९६.००
को.ले.नि.का. - दाङ (५६)	१५०९२३.००	४५००.००	१९६४०००.००	२११९४२३.००
को.ले.नि.का. - बाँके (५७)	३६२३७२.००	४५५०८१०३.००	२२३०३९४५४.००	२६८९०९९२९.००
को.ले.नि.का. - बर्दिया (५८)	२८४६२.००	१८७१२३.००	०.००	२१५५८५.००
को.ले.नि.का. - रुकुम (५९)	११०८२६६०४.००	२८०८१०४५.००	१२०३५०३५.००	१५०९४२६८४.००
को.ले.नि.का. - सल्यान (६०)	०.००	०.००	८६००००.००	८६००००.००
को.ले.नि.का. - डोल्पा (६१)	२३६१९५.००	०.००	०.००	२३६१९५.००
को.ले.नि.का. - जुम्ला (६२)	१४९१३९०.००	२१०३०३४०.००	७६२५३६०.००	३०१४७०९०.००
को.ले.नि.का. - मुगु (६३)	१२२७०३१.००	३८९९९९८.००	०.००	५१२७०२९.००
को.ले.नि.का. - हुम्ला (६४)	९४४२९७.००	३००१५६५.००	३०००.००	३९७५८६२.००
को.ले.नि.का. - कालिकोट (६५)	४४५०४६९.००	१५९६१९०८.००	१५०४६१४५९.००	१७०८७३८३६.००
को.ले.नि.का. - जाजरकोट (६६)	२५२०.००	०.००	०.००	२५२०.००
को.ले.नि.का. - दैलेख (६७)	१८४१३५८६.००	२६७१९१.००	०.००	१८६८०७७७.००
को.ले.नि.का. - सुर्खेत (६८)	२१७४२९५.००	१००३६८४२.००	०.००	१२२१११३७.००
को.ले.नि.का. - बाजुरा (६९)	८७६४७.००	८८७२६२१९.००	०.००	८८८१३८६६.००

जिल्ला	बेरुजु रकम			
	असुल गर्नु पर्ने	नियमित गर्नु पर्ने	म्याद नाघेको पेस्की	जम्मा
को.ले.नि.का. - बझाङ (७०)	१४२४५०.००	१७५००.००	०.००	१५९९५०.००
को.ले.नि.का. - डोटी (७१)	१९९०७४२१.००	५३५४६०.००	०.००	२०४४२८८१.००
को.ले.नि.का. - अछाम (७२)	१५०००.००	१४१०५९.००	८०००००.००	८१५६०५९.००
को.ले.नि.का. - दार्चुला (७३)	८८८००.००	०.००	०.००	८८८००.००
को.ले.नि.का. - बैतडी (७४)	१२२७५७.००	१४९२४६९.००	०.००	१६१५२२६.००
को.ले.नि.का. - डडेलधुरा (७५)	११९१८९.००	१७५७५२२९.००	४१३३४३५५.००	५९०२८७७३.००
को.ले.नि.का. - कञ्चनपुर (७६)	३६१२६५४.००	५४९७६९.००	२३०४८७६.००	६४६७२९९.००
को.ले.नि.का. - कैलाली (७७)	६७३१३०८.००	२३९८३८७५.००	०.००	३०७१५१८३.००
	३४२६६३१३३१.००	१९८३३२००६३.००	५२७१६२९५०५.००	१०६८१५८०८९९.००

स्रोतः वित्तीय व्यवस्थापन सूचना प्रणाली (FMIS), महालेखा नियन्त्रक कार्यालय ।

२.१३ बेरुजुको प्रकृति

आर्थिक वर्ष २०८२/८३ को आन्तरिक लेखापरीक्षणका प्रतिवेदन हेर्दा जिल्ला र कार्यालयगत रुपमा तथा आर्थिक वर्षमा समेत एकै प्रकृतिका बेरुजु दोहोरिएको पाइन्छ। बेरुजुका प्रकृतिहरु निम्नानुसार उल्लेख गरिएको छ।

- भ्रमण खर्च नियमावली तथा मापदण्ड विपरित भ्रमण भत्ता भुक्तानी गरेको
- प्रचलित नर्म्स, दररेट तथा स्वीकृत लागत अनुमान विपरित भुक्तानी दिएको
- बजेट उपशीर्षक तथा खर्च शीर्षक फरक पारी खर्च लेखेको,
- वार्षिक खरिद योजना तर्जुमा तथा स्वीकृत नगरी खरिद कार्य गरेको
- तोकिएको खरिद विधि र प्रतिस्पर्धा विपरित सोझै खरिद गरेको
- समयमै राजस्व तथा अन्य रकम दाखिला नगरेको र ढिलो दाखिला गरेको
- स्वीकृत लागत अनुमान बेगर कन्टिन्जेन्सी शीर्षकबाट खर्च लेखेको
- लेखापरीक्षणका लागि सक्कल श्रेस्ता तथा कागजात पेश नगरेको
- पारिश्रमिक, सामाजिक सुरक्षा कर तथा अग्रिम आयकर नियमानुसार कट्टा नगरेको
- आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा नगरेको
- सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) को पूर्ण प्रयोग नगरेको
- जिन्सी मालसामानको समयमै लिलाम बिक्री, मिनाहा तथा हस्तान्तरण नगरेको
- भुक्तानी कारोबारको सिफारिस पत्र (म.ले.प.फा. २०२) संलग्न नगरी भुक्तानी दिएको
- जिन्सी सामानको आम्दानी, दाखिला र खर्च श्रेस्ता नियमित नराखेको
- आवश्यक बिल, भरपाई तथा प्रमाणित पुष्ट्याईं कागजात बेगर भुक्तानी गरेको
- बढी तथा दोहोरो भुक्तानी दिएको, व्यक्ति, संस्था वा फर्मको पेस्की समयमा फस्यौट नगरेको
- सरकारी सम्पत्ति तथा जिन्सी मालसामानको वार्षिक निरीक्षण नगरेको
- कर्मचारीको बढी तलब तथा ग्रेड भुक्तानी भएको
- धरौटी खाता अद्यावधिक नराखेको, समयमै फिर्ता नगरेको तथा जफत/सदरस्याहा नगरेको, आदि ।

परिच्छेद - ३
निकायगत तथा मन्त्रालयगत संक्षिप्त वित्तीय विवरण

आर्थिक वर्ष २०८२/८३ मा केन्द्रीय निकायगत रुपमा विनियोजन, राजश्व, धरौटी, कार्यसञ्चालन कोष तर्फ भएको कारोवार र लेखापरीक्षणबाट कायम हुन आएको बेरुजुको विवरण निकायगत रुपमा छुट्टाछुट्टै देहाय बमोजिम उल्लेख गरिएको छ। तालिकामा प्रस्तुत गरिएको सबै विवरणहरु रकम (रु.) मा समावेश गरिएको छ। मन्त्रालयहरु र ती मातहतका कार्यालयहरुको व्यहोरागत बेरूजुको विवरण अनुसूचीमा समावेश गरिएको छ ।

१०१ राष्ट्रपतिको कार्यालय

क. संक्षिप्त परिचय

नेपालको संविधानले राष्ट्रपतिलाई राष्ट्राध्यक्ष र संविधानको संरक्षक एवं अभिभावकको रूपमा स्थापित गरेको छ। राष्ट्रिय एकताको प्रवर्द्धन, संविधानको पालना र संरक्षण गर्नु राष्ट्रपतिको कर्तव्य हुनेछ भन्ने कुरा संविधानले निर्दिष्ट गरेको छ।

ख. वित्तीय विवरण

राष्ट्रपति कार्यालयको आ.व. २०८२/८३ को आन्तरिक लेखापरीक्षण देहाय बमोजिम सम्पन्न भएको छ। लेखापरीक्षणबाट देखिएको विवरण देहायको तालिकामा उल्लेख गरिएको छ।

विवरण	विनियोजन	राजस्व	धरौटी	कार्यसञ्चालन कोष	जम्मा बेरुजु
आम्दानी / विनियोजन	२०४८५२०००.००	७१००२.००	२१५२३०८४.००	०.००	—
निकासा / खर्च	१७२८०८३५७.१४	—	५३१०००.००	०.००	—
बेरुजु रकम	**०.००**	**०.००**	**०.००**	**०.००**	**०.००**

१०२ उपराष्ट्रपतिको कार्यालय

क. संक्षिप्त परिचय

नेपालको संविधानको धारा ६७ ले नेपालमा एक उपराष्ट्रपति रहने व्यवस्था गरेको छ। राष्ट्रपतिको अनुस्पस्थितीमा राष्ट्रपतिबाट गरिने कार्यहरू उपराष्ट्रपतिबाट सम्पादन गरिने व्यवस्था गरेको छ। उपराष्ट्रपतिको कार्यहरूलाई व्यवस्थित रूपमा सहयोग पुऱ्याउन तथा सहजीकरण गर्नका लागि उपराष्ट्रपतिको कार्यालय रहने संवैधानिक व्यवस्था छ।

ख. वित्तीय विवरण

उपराष्ट्रपति कार्यालयको आ.व. २०८२/८३ को आन्तरिक लेखापरीक्षण देहाय बमोजिम सम्पन्न भएको छ। लेखापरीक्षणबाट देखिएको विवरण देहायको तालिकामा उल्लेख गरिएको छ।

विवरण	विनियोजन	राजस्व	धरौटी	कार्यसञ्चालन कोष	जम्मा बेरुजु
आम्दानी / विनियोजन	७७६२०००.००	९१०००.००	९१०००.००	०.००	—
निकासा / खर्च	४५९४९१०८.५९	—	९१०००.००	०.००	—
बेरुजु रकम	०.००	०.००	०.००	०.००	०.००

२५० प्रदेश प्रमुखहरू

क. संक्षिप्त परिचय

नेपालको संविधानको धारा १६३ मा प्रत्येक प्रदेशमा नेपाल सरकारको प्रतिनिधिको रूपमा एक जना प्रदेश प्रमुख रहने व्यवस्था गरेको छ। जस अनुरूप राष्ट्रपतिद्वारा संविधानको धारा १६३ उपधारा (२) बमोजिम प्रदेश प्रमुख नियुक्त हुन्छन। नेपालको संविधान बमोजिम सङ्घीय संरचनामा प्रत्येक प्रदेशमा नेपाल सरकारको प्रतिनिधिको रूपमा प्रदेश प्रमुख रहने व्यवस्था गरेको छ।

ख. वित्तीय विवरण

आ.व. २०८२/८३ को आन्तरिक लेखापरीक्षण देहाय बमोजिम सम्पन्न भएको छ। लेखापरीक्षणबाट देखिएको विवरण देहायको तालिकामा उल्लेख गरिएको छ।

विवरण	विनियोजन	राजस्व	धरौटी	कार्यसञ्चालन कोष	जम्मा बेरुजु
आम्दानी / विनियोजन	१६१२८८८९३३.००	४४३८५८६.७८	६०४५८२७.४९	०.००	—
निकासा / खर्च	८१४६७९४८६.८९	—	१०९७६५९.००	०.००	—
बेरुजु रकम	०.००	०.००	०.००	०.००	०.००

२०२ सङ्घीय संसद सचिवालय

क. संक्षिप्त परिचय

नेपालको संविधानको भाग ८ धारा ८३ मा दुई सदन सहितको एक सङ्घीय व्यवस्थापिका रहने छ जसलाई सङ्घीय संसद भनिने उल्लेख छ। संविधानको धारा ८४ मा २७५ सदस्य रहने प्रनिनिधि सभा र धारा ८६ मा ५९ सदस्य रहि राष्ट्रिय सभा गठिन सम्बन्धी व्यवस्था छ।

ख. वित्तीय विवरण

सङ्घीय संसदको काम कारवाहीमा सहयोग गर्न सङ्घीय संसद सचिवालय रहेको छ। आ.व. २०८२/८३ को आन्तरिक लेखापरीक्षण देहाय बमोजिम सम्पन्न भएको छ। लेखापरीक्षणबाट देखिएको विवरण देहायको तालिकामा उल्लेख गरिएको छ।

विवरण	विनियोजन	राजस्व	धरौटी	कार्यसञ्चालन कोष	जम्मा बेरुजु
आम्दानी / विनियोजन	१६१२८८८९३३.००	४४३८५८६.७८	६०४५८२७.४९	०.००	—
निकासा / खर्च	८१४६७९४८६.८९	—	१०९७६५९.००	०.००	—
बेरुजु रकम	०.००	०.००	०.००	०.००	

२०४ अदालत

क. संक्षिप्त परिचय

नेपालको संविधानको धारा १२६ (१) अनुसार नेपालको न्याय सम्बन्धी अधिकार यो संविधान, अन्य कानून र न्यायका मान्य सिद्धान्त बमोजिम अदालत तथा न्यायिक निकायबाट प्रयोग गरिने व्यवस्था गरेको छ। संविधानको धारा १२७ को उपधारा (१) ले नेपालमा सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालत रहने व्यवस्था गरेको छ।

ख. वित्तीय विवरण

अदालत अन्तर्गत सर्वोच्च अदालत, उच्च अदालत, जिल्ला अदालत, विशेष अदालत, प्रशासकीय अदालत, श्रम अदालत, ऋण असुली न्यायाधिकरण, राजस्व न्यायाधिकरण, वैदेशिक रोजगार न्यायाधिकरणको आ.व. २०८२/८३ को आन्तरिक लेखापरीक्षण देहाय बमोजिम सम्पन्न भएको छ। लेखापरीक्षणबाट देखिएको विवरण देहायको तालिकामा उल्लेख गरिएको छ।

विवरण	विनियोजन	राजस्व	धरौटी	कार्यसञ्चालन कोष	जम्मा बेरुजु
आम्दानी / विनियोजन	१०७७५८४०४७६.००	२२८४८०३८५६.७६	१९६३६२४३२३६.७१	२६९४५३३६.२१	—
निकासा / खर्च	८३२०२५९०००.६०	—	४३१८२१०६५१.१३	२१०३५४९३.२६	—
बेरुजु रकम	८२४६४२०.००	०.००	३१७४१०.००	२९७५.००	

२०६ अख्तियार दुरुपयोग अनुसन्धान आयोग

क. संक्षिप्त परिचय

नेपालको संविधानको भाग २१ अन्तर्गत धारा २३८ मा आयोगको गठन सम्बन्धी व्यवस्था गरिएको छ भने धारा २३९ मा आयोगको काम, कर्तव्य र अधिकार बारेको व्यवस्था छ। संविधानमा भएको व्यवस्था बमोजिम कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कानून बमोजिम अनुसन्धान गर्न वा गराउन सक्नेछ।

ख. वित्तीय विवरण

अख्तियार दुरुपयोग अनुसन्धान आयोग र अन्तर्गतका क्षेत्रीय कार्यालयहरूको आ.व. २०८२/८३ को आन्तरिक लेखापरीक्षण देहाय बमोजिम सम्पन्न भएको छ। लेखापरीक्षणबाट देखिएको विवरण देहायको तालिकामा उल्लेख गरिएको छ।

विवरण	विनियोजन	राजस्व	धरौटी	कार्यसञ्चालन कोष	जम्मा बेरुजु
आम्दानी / विनियोजन	१८१९१८८८४९.००	१२८८८२०७.००	५७०४७८११.८१	०.००	—
निकासा / खर्च	१२८२८९८५२८.८२	—	९९२९८७६.८२	०.००	—
बेरुजु रकम	**०.००**	**०.००**	**०.००**	**०.००**	**०.००**

२०८ महालेखापरिक्षकको कार्यालय

क. संक्षिप्त परिचय

नेपालको संविधानको भाग २२ मा महालेखा परीक्षकको व्यवस्था गरिएको छ। सार्वजनिक जबाफदेहिता र पारदर्शिता अभिवृद्धि गर्ने, सार्वजनिक स्रोतको परिचालनमा मितव्ययिता र कार्यदक्षता कायम गर्ने, सार्वजनिक निकायको प्रभावकारिता वृद्धि गर्ने, प्रशासनिक, वित्तीय र व्यवस्थापकीय कार्य प्रणालीको स्वच्छता सुनिश्चित एवं सुदृढ तथा सुधार गर्ने, प्रचलित कानूनको परिपालनामा सहयोग पुऱ्याउने र प्रचलित विधि, प्रक्रिया तथा कानूनी व्यवस्थाको कमी, कमजोरी पहिल्याई सुधारका लागि व्यवहारिक सुझाव प्रदान गर्ने महालेखापरीक्षकको कार्यालयको उद्देश्य र नीतिहरू रहेका छन्।

ख. वित्तीय विवरण

महालेखा परीक्षकको कार्यालयको आन्तरिक लेखापरीक्षण सोही कार्यालयबाट हुँदै आएकोले आन्तरिक लेखापरीक्षणबाट देखिएको लेखापरीक्षण व्यहोरा प्राप्त नभएकोले समावेश गरिएको छैन। प्रणालीमा प्रविष्ट भएको तथ्याङ्कको आधारमा वित्तीय विवरण तालिकामा प्रस्तुत गरिएको छ।

विवरण	विनियोजन	राजस्व	धरौटी	कार्यसञ्चालन कोष	जम्मा बेरुजु
आम्दानी / विनियोजन	८४३६४५२७६.००	१८९७३८५.८०	७९२४४७८.०६	०.००	—
निकासा / खर्च	६९५५७८८११.१३	—	१४८०६०३.००	०.००	—
बेरुजु रकम	०.००	०.००	०.००	०.००	०.००

२१० लोक सेवा आयोग

क. संक्षिप्त परिचय

नेपालको संविधानको भाग २३ को धारा २४२ को उपधारा (१) मा भएको लोक सेवा आयोगको गठन सम्बन्धी व्यवस्था अनुसार आयोगमा अध्यक्ष र अन्य चार जना सदस्यहरू रहने प्रावधान छ। निजामती सेवा, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र अन्य सङ्गीय सरकारी सेवाको पदमा पदपूर्तिका लागि लिइने लिखित परीक्षा लोक सेवा आयोगले सञ्चालन गर्ने गरी व्यवस्था गरिएको छ।

ख. वित्तीय विवरण

लोक सेवा आयोग अन्तर्गत लोक सेवा आयोग र मातहतका कार्यालयहरूको आ.व. २०८२/८३ को आन्तरिक लेखापरीक्षण देहाय बमोजिम सम्पन्न भएको छ। लेखापरीक्षणबाट देखिएको विवरण देहायको तालिकामा उल्लेख गरिएको छ।

विवरण	विनियोजन	राजस्व	धरौटी	कार्यसञ्चालन कोष	जम्मा बेरुजु
आम्दानी / विनियोजन	१०२९५०५८१८.००	२४०८९८८६५.९८	४९५६३२४.४९	८८४२५७९५.९७	—
निकासा / खर्च	९२४१९८२५१.४०	—	६८९९९६.८२	८४१६६३३७.५०	—
बेरुजु रकम	०.००	०.००	११०५०.००	०.००	११०५०.००

२१२ निर्वाचन आयोग

क. संक्षिप्त परिचय

नेपालको संविधानको धारा २४५ देखि २४७ सम्म निर्वाचन आयोगको गठन, काम, कर्तव्य र अधिकारका व्यवस्था रहेको छ। निर्वाचन आयोगलाई आफ्नो काम पुरा गर्न आवश्यक पर्ने कर्मचारी र अन्य सहयोग नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले उपलब्ध गराउनु पर्ने व्यवस्था गरेको छ। जिल्ला निर्वाचन कार्यालयहरूले स्थानीय स्तरमा निर्वाचन आयोगको प्रतिनिधिको रुपमा रही मतदाता दर्ता, मतदाता शिक्षा कार्यक्रम सञ्चालन, निर्वाचनमा सहयोग र समन्वय सम्बन्धी जिम्मेवारी निर्वाह गर्दै आएका छन्।

ख. वित्तीय विवरण

निर्वाचन आयोग र मातहतका कार्यालयहरूको आ.व. २०८२/८३ को आन्तरिक लेखापरीक्षण देहाय बमोजिम सम्पन्न भएको छ। लेखापरीक्षणबाट देखिएको विवरण देहायको तालिकामा उल्लेख गरिएको छ।

विवरण	विनियोजन	राजस्व	धरौटी	कार्यसञ्चालन कोष	जम्मा बेरुजु
आम्दानी / विनियोजन	७४४६४५०६७८.००	७७२३१८७२.७५	१५१२२७४१५.९६	८९१८८४.०८	—
निकासा / खर्च	५५०२४७५६९५.१३	—	१२९७३५२८०.७७	८९१८८४.०८	—
बेरुजु रकम	३१५८७२९.००	०.००	६८४८००.००	०.००	३८४३५२९.००

२१४ राष्ट्रिय मानव अधिकार आयोग

क. संक्षिप्त परिचय

नेपालमा एक राष्ट्रिय मानव अधिकार आयोग रहनेछ जसमा अध्यक्ष र अन्य चार जना सदस्य रहनेछन्। मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्न राष्ट्रिय मानव अधिकार आयोग क्रियाशील रहँदै आएको छ।

ख. वित्तीय विवरण

राष्ट्रिय मानव अधिकार आयोगको आ.व. २०८२/८३ को आन्तरिक लेखापरीक्षण देहाय बमोजिम सम्पन्न भएको छ। लेखापरीक्षणबाट देखिएको विवरण देहायको तालिकामा उल्लेख गरिएको छ।

विवरण	विनियोजन	राजस्व	धरौटी	कार्यसञ्चालन कोष	जम्मा बेरुजु
आम्दानी / विनियोजन	३१७५६९८४७.००	२५६,६६३.००	९९९७६.७५	६५५९५४३२.०८	—
निकासा / खर्च	२७५६४४७३३.८४	—	५८०४१.००	९००७१२५.३८	—
बेरुजु रकम	०.००	०.००	०.००	०.००	०.००

२१८ न्याय परिषद्

क. संक्षिप्त परिचय

न्याय परिषद् न्यायाधीशको नियुक्ति, सरुवा, अनुशासन सम्बन्धी कारवाही, बर्खास्ती र न्याय प्रशासन सम्बन्धी अन्य विषयको सिफारिस गर्ने वा परामर्श दिने निकाय हो। न्याय परिषद्ले यस संविधान बमोजिम सर्वोच्च अदालतको प्रधान न्यायाधीश र न्यायाधीश, उच्च अदालतका मुख्य न्यायाधीश र न्यायाधीशको पदमा नियुक्त हुन योग्यता पुग्ने व्यक्तिहरूको अद्यावधिक अभिलेख तयार गर्ने कार्य गर्दछ।

ख. वित्तीय विवरण

न्याय परिषद्को आ.व. २०८२/८३ को आन्तरिक लेखापरीक्षण देहाय बमोजिम सम्पन्न भएको छ। लेखापरीक्षणबाट देखिएको विवरण देहायको तालिकामा उल्लेख गरिएको छ।

विवरण	विनियोजन	राजस्व	धरौटी	कार्यसञ्चालन कोष	जम्मा बेरुजु
आम्दानी / विनियोजन	६०८०५८८२.००	९४१५००.००	२३१६८५.००	०.००	—
निकासा / खर्च	५३०२६५९८.८८	—	०.००	०.००	—
बेरुजु रकम	०.००	०.००	०.००	०.००	०.००

२२० राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

क. संक्षिप्त परिचय

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले संविधान प्रदत्त अधिकार क्षेत्रभित्र रही तीनै तहका सरकारहरूबीच हुने वित्तीय हस्तान्तरण तथा प्राकृतिक स्रोतको सन्तुलित तथा सम न्यायिक बाँडफाँट सुनिश्चित गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने गर्दछ। मूलतः यस आयोगले सङ्घ, प्रदेश र स्थानीय तहका सर कारहरूबिच हुने राजस्वको बाँडफाँट, वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान तथा आन्तरिक ऋण र प्राकृतिक स्रोतको बाँडफाँटका सम्बन्धमा सिफारिस गर्ने कार्य गर्दछ।

ख. वित्तीय विवरण

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको आ.व. २०८२/८३ को आन्तरिक लेखापरीक्षण देहाय बमोजिम सम्पन्न भएको छ। लेखापरीक्षणबाट देखिएको विवरण देहायको तालिकामा उल्लेख गरिएको छ।

विवरण	विनियोजन	राजस्व	धरौटी	कार्यसञ्चालन कोष	जम्मा बेरुजु
आम्दानी / विनियोजन	१०६९७९४४८.००	९५१०.००	५५८४२७.४८	०.००	—
निकासा / खर्च	८३३३९८३२.२९	—	१५११९०.००	०.००	—
बेरुजु रकम	०.००	०.००	०.००	०.००	०.००

२२२ राष्ट्रिय महिला आयोग

क. संक्षिप्त परिचय

महिला विरुद्ध हुने जुनसुकै हिंसा, विभेदका विषयमा देशव्यापी प्रशिक्षण कार्यक्रम गर्दै आएको र स-साना भाइ बहिनीहरूलाई महिला हिंसा विरुद्धमा सचेतना दिने उद्देश्यले विद्यालय शिक्षा कार्यक्रम पनि गर्दै आइरहेको परिप्रेक्षमा राष्ट्रिय महिला आयोगका क्रियाकलाप लोकप्रिय हुँदै गएका छन्।

ख. वित्तीय विवरण

राष्ट्रिय महिला आयोगको आ.व. २०८२/८३ को आन्तरिक लेखापरीक्षण देहाय बमोजिम सम्पन्न भएको छ। लेखापरीक्षणबाट देखिएको विवरण देहायको तालिकामा उल्लेख गरिएको छ।

विवरण	विनियोजन	राजस्व	धरौटी	कार्यसञ्चालन कोष	जम्मा बेरुजु
आम्दानी / विनियोजन	७९९८७८३१.००	०.००	४६६३५०.००	०.००	—
निकासा / खर्च	५७९४०७७४.६२	—	०.००	०.००	—
बेरुजु रकम	१८९०००.००	०.००	०.००	०.००	१८९०००.००

२२४ राष्ट्रिय दलित आयोग

क. संक्षिप्त परिचय

राष्ट्रिय दलित आयोगले दलित समुदायको हित अभिवृद्धि गर्न जातीय छुवाछुत, उत्पीडन एवम् विभेदको अन्त्य गर्न पहल गर्छ। साथै दलितसँग सम्बन्धित उपयुक्त राष्ट्रिय नीति र कार्यक्रम तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष पेश गर्ने काम यस आयोगको हो। राष्ट्रिय दलित आयोगले दलित समुदायलाई मूल प्रवाहमा समाहित गर्ने सवालमा विद्यमान नीति र कार्यक्रमको समीक्षा गरी सोको प्रभावकारी कार्यान्वयनमा चाँसो र सरोकार राख्दछ।

ख. वित्तीय विवरण

राष्ट्रिय दलित आयोगको आ.व. २०८२/८३ को आन्तरिक लेखापरीक्षण देहाय बमोजिम सम्पन्न भएको छ। लेखापरीक्षणबाट देखिएको विवरण देहायको तालिकामा उल्लेख गरिएको छ।

विवरण	विनियोजन	राजस्व	धरौटी	कार्यसञ्चालन कोष	जम्मा बेरुजु
आम्दानी / विनियोजन	४३९९५३१५.००	१०४५९.००	०.००	४१६२.४७	—
निकासा / खर्च	३५५३०२१५.२६	—	०.००	०.००	—
बेरुजु रकम	०.००	०.००	०.००	०.००	०.००

२२६ राष्ट्रिय समावेशी आयोग

क. संक्षिप्त परिचय

खस आर्य, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक, किसान, अल्पसङ्ख्यक, सीमान्तकृत समुदाय तथा पिछडिएको वर्ग र कर्णाली, पिछडिएको क्षेत्र तथा आर्थिक रूपले विपन्न वर्ग लगायतका समुदायको हक, अधिकारको संरक्षण र संवर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरण गर्नको लागि राष्ट्रिय समावेशी आयोग क्रियाशील रहँदै आएको छ।

ख. वित्तीय विवरण

राष्ट्रिय समावेशी आयोगको आ.व. २०८२/८३ को आन्तरिक लेखापरीक्षण देहाय बमोजिम सम्पन्न भएको छ। लेखापरीक्षणबाट देखिएको विवरण देहायको तालिकामा उल्लेख गरिएको छ।

विवरण	विनियोजन	राजस्व	धरौटी	कार्यसञ्चालन कोष	जम्मा बेरुजु
आम्दानी / विनियोजन	४४१५५३२०.००	१९२२४.००	३४४९३.००	०.००	—
निकासा / खर्च	३०४८११६९.८२	—	०.००	०.००	—
बेरुजु रकम	०.००	०.००	०.००	०.००	०.००

२२८ आदिवासी जनजाति आयोग

क. संक्षिप्त परिचय

आदिवासी जनजातिको समग्र स्थितिको अध्ययन गर्ने सम्बन्धी नीतिगत, कानुनी र संस्थागत सुधारका विषयमा सरकार समक्ष सिफारिस गर्ने, सशक्तीकरणका राष्ट्रिय नीति सम्बन्धी सुझाव दिने, आदिवासी जनजाति सम्बन्धी कार्यक्रमहरूको अनुगमन गरी सुझाव दिने, आफूले दिएका सुझावहरूको कार्यान्वयन अवस्थाको समीक्षा, अनुगमन र मूल्याङ्कन गर्ने, आदिवासी जनजाति समुदाय भित्रका आर्थिक वा सामाजिक रूपमा पिछाडि परेका व्यक्तिको विकास र सशक्तीकरणका लागि विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष पेश गर्ने मूल उद्देश्यका साथ आदिवासी जनजाति आयोग क्रियाशील रहँदै आएको छ।

ख. वित्तीय विवरण

आदिवासी जनजाती आयोगको आ.व. २०८२/८३ को आन्तरिक लेखापरीक्षण देहाय बमोजिम सम्पन्न भएको छ। लेखापरीक्षणबाट देखिएको विवरण देहायको तालिकामा उल्लेख गरिएको छ।

विवरण	विनियोजन	राजस्व	धरौटी	कार्यसञ्चालन कोष	जम्मा बेरुजु
आम्दानी / विनियोजन	४१४२८९१७.००	३५४३८.६०	४६४८.२९	०.००	—
निकासा / खर्च	३४४५८७४२.१९	—	०.००	०.००	—
बेरुजु रकम	८२०१५.००	०.००	०.००	०.००	८२०१५.००

२३० मधेशी आयोग

क.संक्षिप्त परिचय

संविधानको धारा २६२ बमोजिम गठित यस आयोगले मधेशी समुदायको इतिहास र संस्कृतिको पहिचान, हक, हितको संरक्षण र सम्बर्धन तथा मधेशी समुदायको सशक्तिकरण लगायतका कार्य गर्न क्रियशिल रहँदै आएको छ।

ख. वित्तीय विवरण

मधेशी आयोगको आ.व. २०८२/८३ को आन्तरिक लेखापरीक्षण देहाय बमोजिम सम्पन्न भएको छ। लेखापरीक्षणबाट देखिएको विवरण देहायको तालिकामा उल्लेख गरिएको छ।

विवरण	विनियोजन	राजस्व	धरौटी	कार्यसञ्चालन कोष	जम्मा बेरुजु
आम्दानी / विनियोजन	४३०५७१०४.००	०.००	०.००	०.००	—
निकासा / खर्च	३३४२७७२४.०१	—	०.००	०.००	—
बेरुजु रकम	०.००	०.००	०.००	०.००	०.००

२३२ थारु आयोग

क. संक्षिप्त परिचय तथा उद्देश्य

नेपालको संविधानको धारा २६३ बमोजिम गठित थारु आयोगले थारु सम्बद्ध नीति निर्माणका लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने तथा सुझाव दिने, सरकारद्वारा सञ्चालित नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने र समुदायको सशक्तीकरणका लागि चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने गर्दछ ।

ख. वित्तीय विवरण

थारु आयोगको आ.व. २०८२/८३ को आन्तरिक लेखापरीक्षण देहाय बमोजिम सम्पन्न भएको छ। लेखापरीक्षणबाट देखिएको विवरण देहायको तालिकामा उल्लेख गरिएको छ।

विवरण	विनियोजन	राजस्व	धरौटी	कार्यसञ्चालन कोष	जम्मा बेरुजु
आम्दानी / विनियोजन	४४८०८४५८.००	०.००	०.००	०.००	—
निकासा / खर्च	३८५७६५३५.०५	—	०.००	०.००	—
बेरुजु रकम	०.००	०.००	०.००	०.००	०.००

२३४ मुस्लिम आयोग

क. संक्षिप्त परिचय

नेपालको संविधानको धारा २६४ बमोजिम गठित मुस्लिम समुदायको इतिहास र संस्कृतिको पहिचान, हक, हितको संरक्षण र सम्बर्धन तथा मुस्लिम समुदायको सशक्तिकरण गर्नको लागि भुमिका खेल्दै आएको छ ।

ख. वित्तीय विवरण

मुस्लिम आयोगको आ.व. २०८२/८३ को आन्तरिक लेखापरीक्षण देहाय बमोजिम सम्पन्न भएको छ। लेखापरीक्षणबाट देखिएको विवरण देहायको तालिकामा उल्लेख गरिएको छ।

विवरण	विनियोजन	राजस्व	धरौटी	कार्यसञ्चालन कोष	जम्मा बेरुजु
आम्दानी / विनियोजन	४५१६५४९५.००	५००.००	४९५२७.००	३३५७०००.००	—
निकासा / खर्च	३०६९२६०१.२५	—	०.००	०.००	—
बेरुजु रकम	०.००	०.००	०.००	०.००	०.००

३०१ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

क. संक्षिप्त परिचय

नेपाल सरकार (मन्त्रिपरिषद्) को स्वरूप तथा कार्य प्रणाली नेपालको संविधानको भाग ७ धारा ७५ (१) मा "नेपालको कार्यकारिणी अधिकार यो संविधान र अन्य कानून बमोजिम मन्त्रिपरिषद्मा निहित हुनेछ" भन्ने उल्लेख छ। यसै गरी सोही धाराको उपधारा (२) मा "यो संविधान र अन्य कानूनको अधीनमा रही नेपालको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा मन्त्रिपरिषद् उपर हुनेछ" भन्ने उल्लेख छ। नेपाल सरकारका नाममा हुने सबै महत्त्वपूर्ण निर्णयहरू मन्त्रिपरिषद्बाटै हुने गर्दछन् ।

ख. वित्तीय विवरण

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा मातहतका कार्यालयहरूको आ.व. २०८२/८३ को आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएको व्यहोरागत विवरण देहायको तालिकामा उल्लेख गरिएको छ।

विवरण	विनियोजन	राजस्व	धरौटी	कार्यसञ्चालन कोष	जम्मा बेरुजु
आम्दानी / विनियोजन	५५८७९५४०३६.००	२०२३६२२९३.९७	६७४७९६३२९६.७३	८०७१८००२.३८	—
निकासा / खर्च	३८०१८८४३१३.०९	—	१२७४१९१५७५.४८	५०८२५६१८.९२	—
बेरुजु रकम	५,७५०,७५१.००	७०,०००.००	२८३,७४२.००	०.००	६,१०४,४९३.००

३०५ अर्थ मन्त्रालय

क. संक्षिप्त परिचय

अर्थ मन्त्रालय नेपालको सम्पूर्ण आर्थिक कार्यहरू नियन्त्रण गर्ने नेपाल सरकारको सबैभन्दा उच्च सरकारी निकाय हो। कल्याणकारी राज्य व्यवस्थाको अवधारणा अनुरूप देशको उपलब्ध आर्थिक स्रोत र साधनलाई अधिकतम सदुपयोग गर्दै सामाजिक न्यायको आधारमा आर्थिक उपलब्धिको न्यायोचित

वितरणको व्यवस्था मिलाई स्वदेशी, निजी एवम् सार्वजनिक उद्यमलाई प्राथमिकता र प्रश्रय दिई राष्ट्रिय अर्थतन्त्रलाई स्वतन्त्र एवम् आत्मनिर्भर गराउनु अर्थ मन्त्रालयको मूल उद्देश्य रहेको छ।

ख. वित्तीय विवरण

अर्थ मन्त्रालय तथा मातहतका आन्तरिक राजस्व विभाग, भन्सार विभाग, महालेखा नियन्त्रक कार्यालय, आन्तरिक राजस्व कार्यालय लगायतका कार्यालयहरूको आ.व. २०८२/८३ को आन्तरिक लेखापरीक्षण देहाय बमोजिम सम्पन्न भएको छ। लेखापरीक्षणबाट देखिएको व्यहोरागत विवरण संलग्न तालिकामा उल्लेख गरिएको छ।

विवरण	विनियोजन	राजस्व	धरौटी	कार्यसञ्चालन कोष	जम्मा बेरुजु
आम्दानी / विनियोजन	३५,६९२,४८०,७८७.००	१,५७३,३५८,५४९,०६७.६२	१३,०८८,०२९,९९२.६१	६,५२९,२४९,८४१.४७	—
निकासा / खर्च	२८,५५९,७२६,३५२.६३	—	३,३२६,५१०,३८७.२६	५,९७३,४५२,७४५.८८	—
बेरुजु रकम	२६३९८३४.००	१०५३०४४.००	१७०१२३२०.००	१२५७८१६.००	२१९६३०१४.००

३०७ उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

क. संक्षिप्त परिचय

मुलुकको उद्योग, वाणिज्य र उपभोग्य सामग्रीको आपूर्ति क्षेत्रलाई सबल र सुदृढ तुल्याउँदै औद्योगिक वातावरण सिर्जना, लगानी प्रवर्द्धन, आन्तरिक तथा अन्तर्राष्ट्रिय व्यापारको प्रवर्द्धन, सहजीकरण र नियमन, औद्योगिक सम्पत्तिको संरक्षण, औद्योगिक पूर्वाधारको व्यवस्था जस्ता मुख्य कार्यमा मन्त्रालय संलग्न रहँदै आएको छ। औद्योगिक नीति, २०६७, वाणिज्य नीति २०७२, नेपाल व्यापार एकीकृत रणनीति २०१६, आवधिक योजनाहरू लगायत वाणिज्य क्षेत्रसँग सम्बद्ध ऐन तथा नियमावलीले निर्दिष्ट गरे बमोजिम उद्योग, वाणिज्य र आपूर्ति क्षेत्रको विकास र प्रवर्द्धन गर्ने महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ ।

ख. वित्तीय विवरण

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र अन्तर्गतका वाणिज्य विभाग, गुणस्तर तथा नापतौल विभाग र अन्य कार्यालयहरूको आ.व. २०८२/८३ को आन्तरिक लेखापरीक्षण देहाय बमोजिम सम्पन्न भएको छ। लेखापरीक्षणबाट देखिएको विवरण देहायको तालिकामा उल्लेख गरिएको छ।

विवरण	विनियोजन	राजस्व	धरौटी	कार्यसञ्चालन कोष	जम्मा बेरुजु
आम्दानी / विनियोजन	८७१६५१३५६५.००	२४७३०६४९२७.७६	६५१९३०८५७.७८	१९१७३३९००.७६	—
निकासा / खर्च	३५२१४१०९३७.३२	—	२३१२२०६५.५७	१३०७७१७.००	—
बेरुजु रकम	७२२७.००	०.००	१०२९४.००	०.००	१७५२१.००

३०८ उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय

क. संक्षिप्त परिचय

ऊर्जा, जलस्रोत तथा सिँचाइको दिगो विकास, संरक्षण, उपयोग र पानीको बाँडफाँड सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन गर्न तथा ऊर्जा, जलस्रोत तथा सिँचाइ सम्बन्धी अध्ययन, अनुसन्धान र प्रविधि विकास गर्न साबिकको ऊर्जा मन्त्रालय र सिँचाइ मन्त्रालय तथा सो मातहतका निकायहरूका साथै साबिकको वातावरण मन्त्रालय अन्तर्गत रहेका वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र र जल तथा मौसम विज्ञान विभाग समेत समावेश गरी ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय गठन भएको हो।

ख. वित्तीय विवरण

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय अन्तर्गत सिँचाइ विभाग, विभिन्न सिँचाइ आयोजनाहरु लयायतका कार्यालयहरूको आ.व. २०८२/८३ को आन्तरिक लेखापरीक्षण देहाय बमोजिम सम्पन्न भएको छ। लेखापरीक्षणबाट देखिएको विवरण देहायको तालिकामा उल्लेख गरिएको छ।

विवरण	विनियोजन	राजस्व	धरौटी	कार्यसञ्चालन कोष	जम्मा बेरुजु
आम्दानी / विनियोजन	४२७९८६१४४९५.००	७६७४४४७९९९.३६	९५४८५६३१०३.३८	२१०६९०८१०१.५६	—
निकासा / खर्च	२५९३२४६५२७२.५७	—	३६७०५४२६६८.२३	१५३७३७६०५७.७९	—
बेरुजु रकम	८३५०३०३७६.००	०.००	१२३९००७.००	२४०३०१०००००.००	३२३९२७९३८३.००

३११ कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

क. संक्षिप्त परिचय

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय कानूनी राज्यको अवधारणा अनुरुप नेपाल कानूनको तर्जुमा, मौजुदा कानूनहरूमा समसामयिक संशोधन लगायत न्याय प्रशासनसँग सम्बन्धीत कार्यहरू सम्पादन गर्ने नेपाल सरकारको केन्द्रीय निकाय हो।

ख. वित्तीय विवरण

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय र अन्तर्गतका कार्यालयहरूको आ.व. २०८२/८३ को आन्तरिक लेखापरीक्षण देहाय बमोजिम सम्पन्न भएको छ। लेखापरीक्षणबाट देखिएको विवरण देहायको तालिकामा उल्लेख गरिएको छ।

विवरण	विनियोजन	राजस्व	धरौटी	कार्यसञ्चालन कोष	जम्मा बेरुजु
आम्दानी / विनियोजन	८३६४१२३६८.००	१९५०३५.००	८५५७१४.५०	९२७८५०००.००	—
निकासा / खर्च	३६९९४२४१९.३३	—	२७१७८५.००	०.००	—
बेरुजु रकम	०.००	०.००	०.००	०.००	०.००

३१२ कृषि तथा पशुपन्छी बिकास मन्त्रालय

क. संक्षिप्त परिचय

कृषि क्षेत्रको विकास र राष्ट्रिय अर्थतन्त्रको विकासका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयले महत्त्वपूर्ण भूमिका खेल्दै आएको छ। कृषि तथा पशुपन्छी विकास क्षेत्रको विकास र समृद्धिको लागि सम्पूर्ण जिम्मेवारी वहन गर्दछ। देशको आवश्यकता र सम्भाव्यता अनुरूप कृषि विकाससम्बन्धी नीति तर्जुमा एवं कार्यान्वयन गर्ने मूल उद्देश्य बोकेको यस मन्त्रालयको लक्ष्य व्यावसायिक एवं प्रतिस्पर्धात्मक कृषि प्रणालीबाट उच्च एवं दिगो आर्थिक वृद्धि हासिल गरी खाद्य सुरक्षा तथा गरिबी निवारणमा योगदान पुऱ्याउनु रहेको छ।

ख. वित्तीय विवरण

कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गत कृषि विकास मन्त्रालय, कृषि विभाग, पशु सेवा विभाग लगायतका कार्यालयहरूको आ.व. २०८२/८३ को आन्तरिक लेखापरीक्षण देहाय बमोजिम सम्पन्न भएको छ। लेखापरीक्षणबाट देखिएको विवरण देहायको तालिकामा उल्लेख गरिएको छ।

विवरण	विनियोजन	राजस्व	धरौटी	कार्यसञ्चालन कोष	जम्मा बेरुजु
आम्दानी/विनियोजन	५३७०५६९७२१०.००	४४२८८६३६५.६४	४५६००७९७६.०९	१४९३८१८०९.१८	—
निकासा/खर्च	४८८२६१९९१८६.९१	—	१६८६३९६६०.१०	१०४७२७७५.०८	—
बेरुजु रकम	**९९६९८८७.००**	**१४३५७५४.००**	**७१७५.००**	**०.००**	**११४१२८१६.००**

३१३ खानेपानी मन्त्रालय

क. संक्षिप्त परिचय

मुलुकभरका खानेपानी तथा सरसफाइ प्रणालीहरूको योजना तर्जुमा, निर्माण, सञ्चालन तथा मर्मत सम्भार लगायतको जिम्मेवारी रहेको यस मन्त्रालय अन्तर्गतको खानेपानी तथा ढल निकास विभाग क्षेत्रगत नेतृत्वदायि कार्यान्वयन निकाय हो भने मन्त्रालय क्षेत्रगत नेतृत्वदायि कार्यकारी निकाय हो। मन्त्रालय अन्तर्गत विभागका अलावा शहरी क्षेत्रमा खानेपानी तथा सरसफाइ प्रणालीहरूको निर्माण एवम सेवा प्रवाहका लागि बोर्डहरू, खानेपानी संस्थान, समितिहरू, आयोजना निर्देशनालय र महसुल निर्धारण तथा नियमनका लागि एक आयोग रहेको छ।

ख. वित्तीय विवरण

खानेपानी मन्त्रालय अन्तर्गत खानेपानी मन्त्रालय, खानेपानी तथा ढल निकास विभाग, खानेपानी आयोजना लगायतका कार्यालयहरूको आन्तरिक लेखापरीक्षण सम्पन्न भएको छ।

आ.व. २०८२/८३ को आन्तरिक लेखापरीक्षण देहाय बमोजिम सम्पन्न भएको छ। लेखापरीक्षणबाट देखिएको विवरण देहायको तालिकामा उल्लेख गरिएको छ।

विवरण	विनियोजन	राजस्व	धरौटी	कार्यसञ्चालन कोष	जम्मा बेरुजु
आम्दानी / विनियोजन	२०७९९७७७४८४.००	१७६५९७१८०.६९	२६५५७३०१००.९३	२४९९६७८२४.९९	—
निकासा / खर्च	११७४९९९४००५.३८	—	७१७०११५९७.७५	१९६७४८३६३.०५	—
बेरुजु रकम	१४६६६०३५८.००	०.००	६८१४८५.००	०.००	१४७३४१८४३.००

३१४ गृह मन्त्रालय

क. संक्षिप्त परिचय

मुलुकमा शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जिउ धन र स्वतन्त्रताको संरक्षण गर्नु" गृह प्रशासनको मुख्य उद्देश्य हो। गृह प्रशासनलाई सबल र सक्षम बनाई जनतामा सुरक्षाको अनुभूति दिलाउन र सेवा प्रवाहलाई प्रभावकारी बनाई सुशासन कायम गर्न हाल गृह मन्त्रालय मातहत राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग, अध्यागमन विभाग, कारागार व्यवस्थापन विभाग तथा जिल्ला प्रशासन कार्यालय, इलाका प्रशासन कार्यालय, सीमा प्रशासन कार्यालय र सुरक्षा निकायका रुपमा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल लगायतका निकायहरू केन्द्रदेखि स्थानीय तहसम्म क्रियाशील रहेका छन्।

ख. वित्तीय विवरण

गृह मन्त्रालय अन्तर्गत गृह मन्त्रालय, कारागार व्यवस्थापन विभाग, अध्यागमन विभाग, जिल्ला प्रशासन कार्यालयहरू लगायत कार्यालयहरूको आ.व. २०८२/८३ को आन्तरिक लेखापरीक्षण देहाय बमोजिम सम्पन्न भएको छ। लेखापरीक्षणबाट देखिएको विवरण देहायको तालिकामा उल्लेख गरिएको छ।

विवरण	विनियोजन	राजस्व	धरौटी	कार्यसञ्चालन कोष	जम्मा बेरुजु
आम्दानी / विनियोजन	२३४३२१६९०८९४.००	९६२०७४९४०१.८४	३२५०८४०६८६.२५	७३९०५९५०२५.९१	—
निकासा / खर्च	२२२५८१३२२९५९.७०	—	८१९३३८२५४.३५	२७९०९७२६८३.४४	—
बेरुजु रकम	५३७९८०९६.००	०.००	१७४८९५.००	३०५५४०.००	५४२७८५३१.००

३२५ संस्कृति, पर्यटन तथा नागरीक उड्डयन मन्त्रालय

क. संक्षिप्त परिचय

नेपालको आर्थिक विकासमा पर्यटन क्षेत्रको महत्त्व बढ्दै गए अनुरूप यसलाई प्रमुख प्राथमिकताको क्षेत्रमा राखिएको, नेपालको सांस्कृतिक विविधता अनुपम रहेकोले यसलाई संरक्षण, विकास र प्रवर्द्धन गर्दै यसको आर्थिक उपयोग एवम् पर्यटनको मुख्य उत्पादन र गन्तव्यको रूपमा विकास गर्न आवश्यक भएको, साथै हवाई सेवाले भौगोलिक विषमतामा यातायात सेवा उपलब्ध गराउनुको अतिरिक्त बाह्य र आन्तरिक रूपमा पहुँच विस्तार भई पर्यटन सेवामा समेत पर्याप्त योगदान पुऱ्याउने भएकोले यी तीन वटै क्षेत्रलाई एकीकृत रूपमा अगाडि बढाउनु यो मन्त्रालयको कार्यक्षेत्र रहेको छ ।

ख. वित्तीय विवरण

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पर्यटन विभाग लगायत कार्यालयहरूको आ.व. २०८२/८३ को आन्तरिक लेखापरीक्षण देहाय बमोजिम सम्पन्न भएको छ। लेखापरीक्षणबाट देखिएको विवरण देहायको तालिकामा उल्लेख गरिएको छ।

विवरण	विनियोजन	राजस्व	धरौटी	कार्यसञ्चालन कोष	जम्मा बेरुजु
आम्दानी / विनियोजन	७६८०३०३६९५.००	३२९६००४१७३.५६	४३७४९६७७९.७७	९६८९.००	—
निकासा / खर्च	२५४४८९९४१७.०१	—	७२०९३२३१.७७	९६८९.००	—
बेरुजु रकम	१४१४०९९५.००	०.००	०.००	०.००	१४१४०९९५.००

३२६ परराष्ट्र मन्त्रालय

क. संक्षिप्त परिचय

नेपालको परराष्ट्र नीति, कानून, मापदण्ड, योजना कार्यान्वयन र मूल्याङ्कन, विदेशी राष्ट्रहरू तथा संयुक्त राष्ट्र सङ्घ लगायतका अन्तर्राष्ट्रिय र क्षेत्रीय संगठनहरूसँगको सम्बन्ध, अन्तर्राष्ट्रिय मञ्चहरूमा नेपालको कूटनीतिक प्रतिनिधित्व, अन्तर्राष्ट्रिय जगतमा नेपालको प्रतिष्ठा अभिवृद्धि, राहदानी तथा भिसा, शिष्टाचार र ओहदाको प्रमाणपत्र, कूटनीतिक सुविधा तथा उन्मुक्ति, आर्थिक कूटनीति र वाणिज्य दूत सम्बन्धी अभ्यास, कूटनीतिक तहमा हुने वार्ता र सम्झौता, नेपालको अन्तर्राष्ट्रिय सीमा सम्बन्ध, विदेशमा रहेका नेपालीहरूको अभिलेख तथा तिनीहरूको हकहित, उद्धार र संरक्षण गर्ने लगायतका कार्य रहेका छन्।

ख. वित्तीय विवरण

परराष्ट्र मन्त्रालय अन्तर्गत परराष्ट्र मन्त्रालय, राहदानी विभाग लगायतका कार्यालयहरूको आ.व. २०८२ /८३ को आन्तरिक लेखापरीक्षण देहाय बमोजिम सम्पन्न भएको छ। लेखापरीक्षणबाट देखिएको विवरण देहायको तालिकामा उल्लेख गरिएको छ।

विवरण	विनियोजन	राजस्व	धरौटी	कार्यसञ्चालन कोष	जम्मा बेरुजु
आम्दानी / विनियोजन	९५९२७५७७५८.००	११४८६९३८३१०.६९	८८५६८२०.१४	४६००८६९८९७.११	—
निकासा / खर्च	८४९०२६३७४५.५५	—	१९७०५०१.००	४५७०४२३८२०.४३	—
बेरुजु रकम	३७२६५०८०.००	०.००	०.००	०.००	३७२६५०८०.००

३२९ वन तथा वातावरण मन्त्रालय

क. संक्षिप्त परिचय

हरित विकासको अवधारणा अनुरुप मानवीय क्रियाकलाप र विकास प्रकियालाई वातावरणमैत्री बनाउँदै जलवायु परिवर्तनको प्रतिकूल असरसँग अनुकुलित हुने दायित्व सृजना गरी मुलुकको समिष्टगत दिगो विकासमा जलवायु परिवर्तनले पार्ने प्रभावलाई न्यूनीकरण गर्दै वातावरण संरक्षण गर्ने जिम्मेवारी रहेको छ। नेपालले जलवायु परिवर्तन सम्बन्धी पेरिस सम्झौता अनुमोदन गरी कार्यान्वयन प्रारम्भ गरेको छ र सो सम्झौता कार्यान्वयनको लागि मन्त्रालयले सामाजिक–आर्थिक विकासमा न्यून कार्वनमुखी एवम् जलवायु समानुकूलित सोचको अवलम्बन, श्रोत व्यवस्थापनमा कुशलता तथा सामाजिक रुपमा समावेशी दृष्टिकोणलाई आत्मसात गर्दै हरित अर्थतन्त्रमुखी रणनीति तर्जूमा गरी क्रमशः लागु गर्ने लक्ष्य लिएको छ।

ख. वित्तीय विवरण

वन तथा वातावरण मन्त्रालय अन्तर्गत वन तथा वातावरण मन्त्रालय लगायतका कार्यालयहरूको आ.व. २०८२/८३ को आन्तरिक लेखापरीक्षण देहाय बमोजिम सम्पन्न भएको छ। लेखापरीक्षणबाट देखिएको विवरण देहायको तालिकामा उल्लेख गरिएको छ।

विवरण	विनियोजन	राजस्व	धरौटी	कार्यसञ्चालन कोष	जम्मा बेरुजु
आम्दानी / विनियोजन	११३१२५७८२२७.००	१६६१०५७७१९.९४	२३२५८२४९९.९२	६४१७९०३३१७.६१	—
निकासा / खर्च	८७०८३१९९७८.५९	—	३४०९६१५१.३५	६१३०६५००६.८३	—
बेरुजु रकम	४४२२१९९.००	०.००	६००६९७.००	२१८२००.००	५२४१०९६.००

३३२ विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय

क. संक्षिप्त परिचय

विज्ञान, प्रविधि र नवप्रवर्तनका क्षेत्रमा अध्ययन, अनुसन्धान तथा प्रविधिको विकास र प्रयोग विस्तार गर्न यो मन्त्रालय यसै आर्थिक वर्षमा स्थापना भई सक्रिय रहेको छ।

ख. वित्तीय विवरण

विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय तथा अन्तर्गतका कार्यालयहरूको आ.व. २०८२/८३ को आन्तरिक लेखापरीक्षण देहाय बमोजिम सम्पन्न भएको छ। लेखापरीक्षणबाट देखिएको विवरण देहायको तालिकामा उल्लेख गरिएको छ।

विवरण	विनियोजन	राजस्व	धरौटी	कार्यसञ्चालन कोष	जम्मा बेरुजु
आम्दानी / विनियोजन	०.००	१९४०००.००	३०७४००.००	०.००	—
निकासा / खर्च	०.००	—	०.००	०.००	—
बेरुजु रकम	०.००	०.००	०.००	०.००	०.००

३३६ भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

क. संक्षिप्त परिचय

भूमि नीति, भू-उपयोग नीति, कानून, मापदण्ड र नियमन, अन्तर्राष्ट्रिय सीमाको नक्साङ्कन, अभिलेख, सीमा स्तम्भहरूको निर्माण, मर्मत सम्भार तथा अभिलेख व्यवस्थापन, भूमिको उपयोग, क्षमता र उपयुक्तको नक्साङ्कन, पुनर्वाससम्बन्धी नीति, कानून, मापदण्ड र नियमन, निजी, सरकारी, गुठी, सामुदायिक तथा सार्वजनिक जग्गाको राष्ट्रिय अभिलेख व्यवस्थापन, सहकारी सम्बन्धी राष्ट्रिय नीति, कानून र मापदण्ड, सहकारी बैङ्क सम्बन्धी, सहकारी सम्बन्धी राष्ट्रिय तथ्याङ्क व्यवस्थापन, अध्ययन, अनुसन्धान र अनुगमन, सहकारी सम्बन्धी राष्ट्रिय संघ संस्थासँग सम्बन्ध र अन्तर-प्रदेश समन्वय; सहकारी मार्फत हुने बचत तथा ऋण परिचालन सम्बन्धी मापदण्ड र नियमन, गरिबी निवारण सम्बन्धी कार्य यस मन्त्रालयले गर्दै आइरहेको छ।

ख. वित्तीय विवरण

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तर्गत भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, भूमिसुधार विभाग, नापी विभाग, मालपोत कार्यालय तथा नापी कार्यालयहरूको आ.व. २०८२/८३ को आन्तरिक लेखापरीक्षण देहाय बमोजिम सम्पन्न भएको छ। लेखापरीक्षणबाट देखिएको विवरण देहायको तालिकामा उल्लेख गरिएको छ।

विवरण	विनियोजन	राजस्व	धरौटी	कार्यसञ्चालन कोष	जम्मा बेरुजु
आम्दानी / विनियोजन	७८०४७५३९५१.००	१५३७५५६८५३.५९	१३२१३०५६५३.७२	४०२३१८२१२३२.७०	—
निकासा / खर्च	६४८५१०५९८६.६३	—	१४७१९८५२८.७९	३४३८२२९०१६३.११	—
बेरुजु रकम	**१६५४५३१.००**	**७४४३७६१४६.००**	**२४४२००८४.००**	**५५२१११००३.००**	**१३२२५६१७६४.००**

३३७ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

क. संक्षिप्त परिचय

भौतिक पूर्वाधारको विकास सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन, यातायात तथा परिवहन व्यवस्थापन र सञ्चालन सम्बन्धी नीति, योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, अनुगमन, नियमन र मूल्याङ्कन, स्थल मार्ग, जलमार्ग, रेलमार्ग, सब-वे, फ्लाइओभर र रज्जु मार्गको निर्माण तथा विकास सम्बन्धी नीति र योजनाको नियमन, स्वीकृति तथा कार्यान्वयन, रणनीतिक सडक तथा पुलको निर्माण, मर्मत, सम्भार तथा संरक्षण, स्थल मार्ग तथा रज्जूमार्गको निर्माणसँग सम्बन्धित अन्तर्राष्ट्रिय संस्थासँगको सम्पर्क, यातायात तथा परिवहन व्यवस्थापन र सञ्चालनसँग सम्बन्धित, कम्पनी तथा सङ्गठन, यातायात सेवा नियमन, व्यवस्थापन र सञ्चालनसँग सम्बन्धित अन्तर्राष्ट्रिय संस्था तथा निकायसँग सम्पर्क सम्बन्धी लगायतका कार्य यस मन्त्रालयले गर्दै आइरहेको छ ।

ख. वित्तीय विवरण

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गत भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सडक विभाग, डिभिजन सडक कार्यालय तथा विभिन्न आयोजना कार्यालयहरूको आ.व. २०८२/८३ को आन्तरिक लेखापरीक्षण देहाय बमोजिम सम्पन्न भएको छ। लेखापरीक्षणबाट देखिएको विवरण देहायको तालिकामा उल्लेख गरिएको छ।

विवरण	विनियोजन	राजस्व	धरौटी	कार्यसञ्चालन कोष	जम्मा बेरुजु
आम्दानी / विनियोजन	१५३८८१४२३०६९.००	२८१११८३९४१.७८	१६५१३१०५१२५.२८	८३५२३३२२७१.००	—
निकासा / खर्च	९४७९३०३९२५४.६९	—	३९७९६३७५८६.०३	६५८३६८३३१८.५८	—
बेरुजु रकम	**४०८९३५२४४७.००**	**१६९००१८१.००**	**६९४९००६१.००**	**१५९८४२९४.००**	**४१९१७२६९८३.००**

३४० महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय

क. संक्षिप्त परिचय

यस मन्त्रालयले महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिकहरुका लागि नीति निर्माण, समन्वय र सहकार्य तथा सचेतना अभिवृद्धि र सशक्तीकरण कार्यक्रम सञ्चालन गर्ने गर्दछ।

ख. वित्तीय विवरण

महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय तथा मातहतका कार्यालयहरूको आ.व. २०८२/८३ को आन्तरिक लेखापरीक्षण देहाय बमोजिम सम्पन्न भएको छ। लेखापरीक्षणबाट देखिएको विवरण देहायको तालिकामा उल्लेख गरिएको छ।

विवरण	विनियोजन	राजस्व	धरौटी	कार्यसञ्चालन कोष	जम्मा बेरुजु
आम्दानी / विनियोजन	१५३३५३७५६४.००	५१६८०९७.७८	५६४९४४५.०३	२३५०६४३०७.१४	—
निकासा / खर्च	८३२२४१४६९.३५	—	८९१६७८.३४	३४६२७४६७.४४	—
बेरुजु रकम	**२७७५२०.००**	**०.००**	**०.००**	**०.००**	**२७७५२०.००**

३४३ युवा तथा खेलकुद मन्त्रालय

क. संक्षिप्त परिचय

स्वस्थ खेलकुदको माध्यमबाट राष्ट्रिय प्रतिभाहरूलाई उजागर गर्दै अन्तर्राष्ट्रिय जगतमा खेलको माध्यमबाट राष्ट्रको पहिचान दिलाउने मूल उद्देश्यका साथ युवा तथा खेलकुद मन्त्रालयले खेलकुद सम्बन्धी विविध क्रियाकलाप सञ्चालन गर्दै आइरहेको छ।

ख. वित्तीय विवरण

युवा तथा खेलकुद मन्त्रालय अन्तर्गत युवा तथा खेलकुद मन्त्रालय र मातहतका कार्यालयहरूको आ.व. २०८२/८३ को आन्तरिक लेखापरीक्षण देहाय बमोजिम सम्पन्न भएको छ। लेखापरीक्षणबाट देखिएको विवरण देहायको तालिकामा उल्लेख गरिएको छ।

विवरण	विनियोजन	राजस्व	धरौटी	कार्यसञ्चालन कोष	जम्मा बेरुजु
आम्दानी / विनियोजन	५६७६५२४७७५.००	१५७४३७३७.१०	७८१४९४४१.९१	२६३८१६५९९.२५	—
निकासा / खर्च	१४६८८३७६८१.९९	—	५९९२१०९.००	२६१०१२४३९.००	—
बेरुजु रकम	११०४४४२०.००	०.००	०.००	०.००	११०४४४२०.००

३४५ रक्षा मन्त्रालय

क. संक्षिप्त परिचय

नेपालको सार्वभौमसत्ता, अखण्डता तथा राष्ट्रिय स्वाभिमान एवम् आन्तरिक तथा बाह्य सुरक्षामा कुनै किसिमको आँच आउन नदिई नेपाली जनताको जीउधनको सुरक्षा प्रदान गर्दै समाजमा शान्ति, सुरक्षा, व्यवस्था र अमन चयन कायम गरी नेपाली जनतालाई सुरक्षाको प्रत्याभूति दिँदै राष्ट्रिय कार्यमा जागरूक बनाई राष्ट्रिय स्वाभिमानको विकास गराउनु यस मन्त्रालयको उद्देश्य रहेको छ।

ख. वित्तीय विवरण

रक्षा मन्त्रालय अन्तर्गत रक्षा मन्त्रालय, नेपाली सेना लगायतका कार्यालयहरूको आन्तरिक लेखापरीक्षण सम्पन्न भएको छ। आ.व. २०८२/८३ को आन्तरिक लेखापरीक्षण देहाय बमोजिम सम्पन्न भएको छ। लेखापरीक्षणबाट देखिएको विवरण देहायको तालिकामा उल्लेख गरिएको छ।

विवरण	विनियोजन	राजस्व	धरौटी	कार्यसञ्चालन कोष	जम्मा बेरुजु
आम्दानी / विनियोजन	६६८८१३९०२५८.००	१३२२१८१३१३.९३	४११२१००१३८.९१	५४३२७१४३४.०४	—
निकासा / खर्च	६३५४३४३९१८२.२८	—	१२७०९५१६२०.११	१४१०३५७४५.०४	—
बेरुजु रकम	३१९६४३५५७.००	०.००	०.००	०.००	३१९६४३५५७.००

३४७ शहरी विकास मन्त्रालय

क. संक्षिप्त परिचय

शहरी विकास सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन, बस्ती विकास, शहरी विकास र आवास विकास सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन, राष्ट्रिय भवन संहिता सम्बन्धी नीति, कानून, मापदण्ड, सङ्घीय सचिवालयको भवन निर्माण, मर्मत तथा व्यवस्थापन, राष्ट्रिय शहरी पूर्वाधार विकास, सङ्घीय सरकारी आवास, भवन निर्माण तथा मर्मत सम्भार, विशिष्ट शहरी संरचना लगायतका कार्य यस मन्त्रालयले गर्दै आइरहेको छ।

ख. वित्तीय विवरण

शहरी विकास मन्त्रालय अन्तर्गत शहरी विकास मन्त्रालय, भवन विभाग, केन्द्रीय आयोजना निर्देशनालय लगायतका कार्यालयहरूको आन्तरिक लेखापरीक्षण सम्पन्न भएको छ। आ.व. २०८२/८३ को आन्तरिक लेखापरीक्षण देहाय बमोजिम सम्पन्न भएको छ। लेखापरीक्षणबाट देखिएको विवरण देहायको तालिकामा उल्लेख गरिएको छ।

विवरण	विनियोजन	राजस्व	धरौटी	कार्यसञ्चालन कोष	जम्मा बेरुजु
आम्दानी / विनियोजन	७५८३२८४८६८०.००	७३११७४५२६.४५	६१५२०५४९८९.४२	३३४२५०३७२.१९	—
निकासा / खर्च	२७५१४५४९५९१.३६	—	१५८८२१३७२०.७६	२६२४३७९७७.३५	—
बेरुजु रकम	७७५१०२१८६.००	०.००	५२९१०००.००	०.००	७८०३९३१८६.००

३५० शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

क. संक्षिप्त परिचय

शिक्षा, विज्ञान र प्रविधि सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन, शिक्षा विज्ञान तथा प्रविधि सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थासँग सम्पर्क तथा समन्वय, विश्वविद्यालय र नेपाल शिक्षा सेवाको सञ्चालन लगायतका कार्यहरू यस मन्त्रालयले गर्दै आइरहेको छ।

ख. वित्तीय विवरण

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा विभाग लगायत कार्यालयहरूको आ.व. २०८२/८३ को आन्तरिक लेखापरीक्षण देहाय बमोजिम सम्पन्न भएको छ। लेखापरीक्षणबाट देखिएको विवरण देहायको तालिकामा उल्लेख गरिएको छ।

विवरण	विनियोजन	राजस्व	धरौटी	कार्यसञ्चालन कोष	जम्मा बेरुजु
आम्दानी / विनियोजन	६७३७२४०२८८२.००	२०७७७४९०६६.३५	६७८५९८२७६.६७	१३४१०५७३५९.८५	—
निकासा / खर्च	५७३७२७९८१०३.९९	—	१०३००३४४७.०३	६३३०५३८२८.३१	—
बेरुजु रकम	११६५३५६.००	०.००	७२६३००.००	३२१८८१३.००	५११०४६९.००

३५८ सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

क. संक्षिप्त परिचय

सञ्चार तथा सूचना प्रविधिको क्षेत्रमा विकसित नवीन प्रविधिहरूको अधिकतम उपयोग गर्दै आर्थिक समृद्धि हासिल गर्ने, दूरसञ्चार क्षेत्रमा उपलब्ध भएका नवीनतम प्रविधिको प्रयोग गरी देशभर सर्वसुलभ रूपमा भरपर्दो गुणस्तरीय सेवा उपलब्ध गराई रोजगारी सृजना र उद्यमशीलता विकासमा जोड दिने, सूचना प्रविधिको सर्वव्यापी पहुँच सुनिश्चित गरी समुन्नत र आर्थिक सम्वृद्धिमा योगदान वृद्धि गर्दै जाने लगायतका कार्यहरू यस मन्त्रालयले गर्दै आइरहेको छ।

ख. वित्तीय विवरण

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय तथा मातहतका कार्यालयहरूको आ.व. २०८२/८३ को आन्तरिक लेखापरीक्षण देहाय बमोजिम सम्पन्न भएको छ। लेखापरीक्षणबाट देखिएको विवरण देहायको तालिकामा उल्लेख गरिएको छ।

विवरण	विनियोजन	राजस्व	धरौटी	कार्यसञ्चालन कोष	जम्मा बेरुजु
आम्दानी / विनियोजन	७८६६७४२८५२.००	८३०७६७१६६९.८१	२४५४३८०३३.९९	१२३४२३७९.२९	—
निकासा / खर्च	५३७४३१२१६४.१३	—	२७६०१५२३.७६	९२७१०६०.८०	—
बेरुजु रकम	**११९२६३९९८.००**	**२८५४९७.००**	**१२२६७७.००**	**०.००**	**११९६७२१७२.००**

३६५ सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

क. संक्षिप्त परिचय

स्थानीय तहहरूको समन्वय, सहयोग, सहजीकरण र पृष्ठपोषणका साथै यस मन्त्रालयले विकासका विभिन्न साझेदारहरूको सहयोगमा सञ्चालित परियोजना/कार्यक्रमको समन्वय, सहयोग, सहजीकरण र सहकार्यको क्षेत्रमा प्रभावकारी भूमिका निर्वाह गर्दै आएको छ।

ख. वित्तीय विवरण

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा मातहतका कार्यालयहरूको आ.व. २०८२/८३ को आन्तरिक लेखापरीक्षण देहाय बमोजिम सम्पन्न भएको छ। लेखापरीक्षणबाट देखिएको विवरण देहायको तालिकामा उल्लेख गरिएको छ।

विवरण	विनियोजन	राजस्व	धरौटी	कार्यसञ्चालन कोष	जम्मा बेरुजु
आम्दानी / विनियोजन	६७९६१०७७८५.००	३७१७२३८२५.०६	६१८६४६२५६.१५	३३०५४१४०९४.६८	—
निकासा / खर्च	४४४७७९३४४६.१९	—	७७८५०९८८.७८	५५०३९९८३३.२९	—
बेरुजु रकम	**१३७३१५१.००**	**३६२०२६१.००**	**११०६२१९४.००**	**४५१५०२०३.००**	**६१२०५८०९.००**

३७० स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

क. संक्षिप्त परिचय

स्वास्थ्य सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने, स्वास्थ्य सेवामा सबै नागरिकको सहज पहुँच सुनिश्चित गर्ने, गुणस्तरीय स्वास्थ्य सेवालाई प्रयोगमा ल्याउने वातावरण प्रत्याभूति गराउने, एलोप्याथिक, आयुर्वेदिक, होमियोप्याथिक र युनानी जस्ता चिकित्सा प्रणाली सम्बन्धी प्रतिकारात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक कार्यक्रमको पुनःस्थापना, अनुसन्धान, उत्पादन, गुणस्तर निर्धारण, मूल्य निर्धारण गर्ने लगायतका कार्य यस मन्त्रालयले गर्दै आइरहेको छ।

ख. वित्तीय विवरण

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय अन्तर्गत स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग र क्षेत्रीय स्वास्थ्य कार्यालयहरूको आ.व. २०८२/८३ को आन्तरिक लेखापरीक्षण देहाय बमोजिम सम्पन्न भएको छ। लेखापरीक्षणबाट देखिएको व्यहोरा अनुसूचीमा उल्लेख गरिएको छ।

विवरण	विनियोजन	राजस्व	धरौटी	कार्यसञ्चालन कोष	जम्मा बेरुजु
आम्दानी / विनियोजन	५९०५९०१७६१९.००	४८१,६८४,८८४.९१	५६२२०३०७४.१२	३४३३४१५४७७.७५	—
निकासा / खर्च	४६४०९७४३२४१.३६	—	९८९८७४१४.६३	२७७६७४२००४.७३	—
बेरुजु रकम	५६०५३२१५.००	०.००	०.००	२००७४८३.००	५८०६०६९८.००

३७१ श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

क. संक्षिप्त परिचय

नेपालमा श्रमको मर्यादित र सुरक्षित व्यवस्थापनबाट रोजगारी सृजना, रोजगारीका लागि सीपयुक्त आवश्यक जनशक्तिको विकास लगायतका काम मन्त्रालयबाट हुँदै आएको छ।

ख. वित्तीय विवरण

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय तथा मातहतका कार्यालयहरूको आ.व. २०८२/८३ को आन्तरिक लेखापरीक्षण देहाय बमोजिम सम्पन्न भएको छ। लेखापरीक्षणबाट देखिएको विवरण देहायको तालिकामा उल्लेख गरिएको छ।

विवरण	विनियोजन	राजस्व	धरौटी	कार्यसञ्चालन कोष	जम्मा बेरुजु
आम्दानी / विनियोजन	१६५२१५८८५६.००	६४४२४१३६.४८	७०३५३७५४८३.३१	२४६८७८०३६४.९०	—
निकासा / खर्च	९९४०१६७२४.७०	—	५२९७६५६७७.२९	१८५४६५८१४७.२७	—
बेरुजु रकम	०.००	०.००	०.००	०.००	०.००

३९१ राष्ट्रिय योजना आयोग

क. संक्षिप्त परिचय

राष्ट्रिय योजना आयोग राष्ट्रिय विकास परिषद् अन्तर्गत रहेको देशको विकास योजना तथा नीति तर्जुमामा सल्लाह दिने उपल्लो निकाय हो। यसले आर्थिक विकासको निमित्त स्रोत साधनको व्यवस्था गर्ने तथा विनियोजन गर्ने गर्दछ। केन्द्रीय तहका वार्षिक योजनाहरू र कार्यक्रमहरू कार्यान्वयनमा जानु भन्दा अगाडि आयोगबाट स्वीकृत गर्नुपर्ने व्यवस्था रहेको छ ।

ख. वित्तीय विवरण

राष्ट्रिय योजना आयोगको आन्तरिक लेखापरीक्षण देखिएको व्यहोरागत विवरण देहायको तालिकामा उल्लेख गरिएको छ।

विवरण	विनियोजन	राजस्व	धरौटी	कार्यसञ्चालन कोष	जम्मा बेरुजु
आम्दानी / विनियोजन	१७६६६४९३४.००	१५०००.००	११९१७२७.१९	०.००	—
निकासा / खर्च	१५०२२५३१७.३०	—	११२०२०.००	०.००	—
बेरुजु रकम	**०.००**	**०.००**	**०.००**	**०.००**	**०.००**

७०१ प्रदेश

क. संक्षिप्त परिचय

संघीय संरचना बमोजिम प्रदेश सरकारहरूलाई उपलब्ध गराइने वित्तीय समानीकरण, सशर्त, विशेष र समपूरक अनुदान तथा राजस्व बाँडफाँड यस अन्तर्गत पर्दछ।

ख. वित्तीय विवरण

प्रदेश अन्तर्गतका कार्यालयहरूको आन्तरिक लेखापरीक्षण सम्पन्न भई प्राप्त आय-व्यय तथा बेरुजु सम्बन्धी वित्तीय विवरण देहाय बमोजिम रहेको छ:

विवरण	विनियोजन	राजस्व	धरौटी	कार्यसञ्चालन कोष	जम्मा बेरुजु
आम्दानी / विनियोजन	९८१६६५७८०००.००	१०००.००	४८३५२१०.००	५२०५७००.००	—
निकासा / खर्च	७६२०१४१२२५३.५३	—	०.००	३६९०३०१.००	—
बेरुजु रकम	**१७५२५४२६.००**	**०.००**	**०.००**	**०.००**	**१७५२५४२६.००**

८०१ स्थानीय तह

क. संक्षिप्त परिचय

स्थानीय सरकार सञ्चालन तथा स्थानीय स्तरको विकासका लागि संघीय सरकारबाट हस्तान्तरण हुने विभिन्न प्रकारका अनुदान तथा वित्तीय स्रोतहरू यस अन्तर्गत व्यवस्थापन गरिन्छ।

ख. वित्तीय विवरण

स्थानीय तह अन्तर्गतका गाउँपालिका तथा नगरपालिकामा अख्तियारी मार्फत हस्तान्तरण भएका कार्यक्रमहरूको आन्तरिक लेखापरीक्षण सम्पन्न भई प्राप्त आय-व्यय तथा बेरुजु सम्बन्धी वित्तीय विवरण देहाय बमोजिम रहेको छ:

विवरण	विनियोजन	राजस्व	धरौटी	कार्यसञ्चालन कोष	जम्मा बेरुजु
आम्दानी / विनियोजन	३२५२४५४१६०७२.००	३५८१०५३५१.२४	२०५८२१४६९.४९	४२२३८७३.४७	—
निकासा / खर्च	२७९१४३६३९७३८.०५	—	६०३६५०४२.५७	२८४०००.४७	—
बेरुजु रकम	**२४४६१४७२४.००**	**१२००.००**	**०.००**	**०.००**	**२४४६१५९२४.००**

परिच्छेद -४

आन्तरिक लेखापरीक्षणबाट देखिएका उल्लेखनीय विषय, सुधारका क्षेत्रहरू र सुझावहरु

नेपाल सरकारका कार्यालयहरुको आर्थिक वर्ष २०८२/८३ को आन्तरिक लेखापरीक्षणबाट देखिएका उल्लेखनीय विषय, सुधारका क्षेत्रहरु र सुझावहरु बुँदागत रुपमा तल प्रस्तुत गरिएको छः

१. **आन्तरिक नियन्त्रण प्रणाली र समितिको प्रभावकारिताः**

- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८१ बमोजिम प्रत्येक मन्त्रालय तथा निकायले आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने बाध्यात्मक व्यवस्था रहेकोमा अधिकांश निकायले अझै प्रणाली तयार नगरेको देखिएकोले तत्काल आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरी लागू गर्नुपर्छ।

- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३२ बमोजिम आन्तरिक नियन्त्रण प्रणालीको समीक्षा गर्न तथा आन्तरिक र अन्तिम लेखापरीक्षण प्रतिवेदनका सुझावहरू कार्यान्वयन गर्न प्रत्येक मन्त्रालय तथा केन्द्रीय निकायमा लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण समिति तत्काल गठन गरी सक्रिय बनाइनुपर्छ।

२. **वित्तीय अनुशासन, बजेट तथा भुक्तानी व्यवस्थापनः**

- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, नियमावली बमोजिम फ्रिज नहुने शीर्षक बाहेक आर्थिक वर्ष समाप्त हुनुभन्दा तोकिएको दिन अगावै भुक्तानी निकासा बन्द गर्नुपर्ने व्यवस्था विपरित आर्थिक वर्षको अन्त्यमा र अवधि समाप्त भएपछि समेत रकमान्तर र भुक्तानी दिने प्रवृत्ति देखिएकोले यस्तो गैर-कानूनी अभ्यास तत्काल अन्त्य गरिनुपर्छ।

- विनियोजित बजेट उपशीर्षक तथा खर्च शीर्षक फरक पारी खर्च लेख्ने, तलबी प्रतिवेदन पारित नगरी तलब तथा अतिरिक्त सुविधा भुक्तानी दिने र स्वीकृत कार्यक्रम बाहिर गएर खर्च गर्ने प्रवृत्तिको अन्त्य गरी लेखा उत्तरदायी अधिकृत तथा आर्थिक प्रशासन शाखा प्रमुखलाई थप जिम्मेवार बनाइनुपर्छ।

३. **सार्वजनिक खरिद, ठेक्का तथा सम्झौता व्यवस्थापनः**

- सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम वार्षिक खरिद योजना तर्जुमा नगरी खरिद गर्ने तथा एकै आर्थिक वर्षमा पटक-पटक गरी सीमाभन्दा बढीको खरिद एउटै फर्म वा संस्थाबाट सोझै खरिद (Direct Purchase) गरी प्रतिस्पर्धा छल्ने प्रवृत्ति देखिएकाले प्रचलित कानूनको पूर्ण पालना गरी प्रतिस्पर्धात्मक विधि मात्र अवलम्बन गर्नुपर्छ।

- निर्माण तथा खरिद कार्यमा समयतालिका अनुसार प्रगति भए/नभएको प्रभावकारी अनुगमन गर्ने, प्राविधिक पुष्ट्याईं बेगर भेरिएसन आदेश जारी नगर्ने, प्रचलित नर्म्स र दररेट विपरित भुक्तानी नदिने, मूल्य समायोजनको वस्तुनिष्ठ गणना गर्ने, समयमै म्याद थप प्रक्रिया टुंग्याउने तथा

प्रोभिजनल सम र कन्टिन्जेन्सी शीर्षकबाट खर्च गर्दा स्वीकृत लागत अनुमान र नियमसङ्गत बिल भरपाई मात्र संलग्न गर्नुपर्छ।

४. सार्वजनिक सम्पत्ति, जिन्सी तथा धरौटी व्यवस्थापनः

- सरकारी सम्पत्तिको यथार्थ लगत राख्न सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) को पूर्ण प्रयोग गर्नुपर्ने, म.ले.प. फाराम अनुसार आम्दानी र दाखिला नियमित गर्नुपर्ने तथा आर्थिक वर्षको अन्त्यमा अनिवार्य रूपमा भौतिक जिन्सी निरीक्षण सम्पन्न गर्नुपर्छ।

- प्रयोगविहीन, पुराना तथा मर्मत हुन नसक्ने जिन्सी सामानहरू वर्षौंसम्म थन्क्याएर राख्ने प्रवृत्तिको अन्त्य गरी प्रचलित नियमानुसार समयमै मिनाहा, हस्तान्तरण वा लिलाम बिक्री प्रक्रिया अगाडि बढाइनुपर्ने। साथै धरौटी खाताको नियमित बैंक हिसाब मिलान गरी समयावधि व्यतीत भएका धरौटीको समयमै फिर्ता वा सदरस्याहा/जफत गर्नुपर्छ।

५. कानून परिपालना, श्रेस्ता व्यवस्थापन र कर कट्टीः

